का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० फागुन २०८१,
शनिबार
22 February, 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ‘अनावश्यक’ संवैधानिक आयोग






आयोगका नाममा अनावश्यक खर्च बढेको बढ्यै छ । ३-४ वटाबाहेक धेरैजसो आयोग वर्षमा १-२ पटक प्रतिवेदन बनाउने र वर्षदिनभर खर्च गर्ने खालका मात्र छन् । त्यस्ता आयोगहरू खारेज गर्नुपर्छ

■ **सूर्यनाथ उपाध्याय**
पूर्व प्रमुख आयुक्त
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं,९ फागुन ।

नेपाल सरकारलाई नीतिगत तहमा थप उत्तरदायी र सक्षम बनाउन गठन भएका संवैधानिक आयोगहरू अनुत्पादक बनेका छन् । लोकतान्त्रिक शासन प्रणालीलाई प्रभावकारी बनाउने, नागरिक अधिकारको संरक्षण गर्ने, पारदर्शिता र जबाफदेहिताको प्रवर्द्धन गर्दै नियमन र सुधारमा सहयोग पुऱ्याउन गठन गरिएका आयोगहरू बेकामे बनेका हुन् ।

संविधानले प्रत्याभूत गरेका स्वायत्त निकायका »» पृष्ठ २ मा

**यी हुन् मुख्य संवैधानिक आयोगहरू**
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- महालेखापरीक्षकको कार्यालय
- लोकसेवा आयोग
- निर्वाचन आयोग
- राष्ट्रिय मानवअधिकार आयोग
- राष्ट्रिय सूचना आयोग
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय दलित आयोग
- राष्ट्रिय समावेशी आयोग
- आदिवासी जनजाति आयोग
- मधेशी आयोग
- थारु आयोग
- मुस्लिम आयोग

# १६ वर्षपछि फेरि ‘ग्रे लिस्ट’मा नेपाल

नेपाल ‘ग्रे लिस्ट’मा पर्दा नेपालमा आयात हुने वस्तु तथा सेवा महँगो हुने छ भने नेपाली वस्तु निर्यात प्रक्रिया र वैदेशिक सहायतामा समेत अप्ठ्यारो हुन्छ

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौ ९, फागुन ।

सम्पत्ति शुद्धीकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को सूचीमा नेपाल जोखिमयुक्त मुलुकको सूची ‘ग्रे लिस्ट’मा परेको छ ।

एफएटीएफले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बधी कानुनमा सुधार गर्न भनेको भए पनि सुधार हुन नसक्दा नेपाल दोस्रो पटक ‘ग्रे लिस्ट’मा परेको हो । एफएटीएफले आर्थिक अपराध नियन्त्रणका लागि अन्तर्राष्ट्रिय मापदण्ड पालन नभएको भन्दै ‘ग्रे लिस्ट’ नेपाल परेको हो । सम्पत्ति शुद्धीकरण मामिलामा नेपाललाई १ वर्षअघिदेखि नै निगरानीमा राखिरहेको थियो । नेपालले सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन, ऐन संशोधन नभएपछि नेपाल ग्रे लिस्टमा पर्ने निश्चित जस्तै थियो । सन् २००९ देखि २०१४ सम्म नेपाल ग्रे लिस्टमा परेको थियो ।

**‘ग्रे लिस्ट’ले अर्थतन्त्रमा असर**

नेपाल ‘ग्रे लिस्ट’मा परेपछि त्यसको असर नेपालको अर्थतन्त्रमा पर्ने छ । आर्थिक मन्दीबाट तंग्रिन खोजिरहेको



अर्थतन्त्रमा ‘ग्रे लिस्ट’मा पर्दा धक्का लाग्ने देखिन्छ । नेपाल ‘ग्रे लिस्ट’मा पर्दा नेपालमा आयात हुने वस्तु तथा सेवा महँगो हुने छ भने नेपाली वस्तु निर्यात प्रक्रिया र वैदेशिक सहायतामा समेत अप्ठ्यारो हुन्छ ।

‘ग्रे लिस्ट’मा पर्दा नेपालले पाउने विदेशी ऋण तथा आर्थिक सहायतामा प्रभाव पर्ने देखिन्छ भने विदेशी दाताबाट आउने अनुदान रोकिने र प्रत्यक्ष विदेशी लगानी पनि प्रभावित हुने हुँदा अर्थतन्त्रमा असर पर्ने नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक नरबहादुर थापाले बताए ।

नेपाल ‘ग्रे लिस्ट’मा पर्दा अबका दिनमा अन्तर्राष्ट्रिय क्षेत्रले हेर्ने दृष्टिकोणमा समेत नकारात्मकता आउने छ । एफएटीएपले १ वर्षअघि २०८० भदौमा सार्वजनिक भएको पारस्परिक मूल्यांकनसम्बन्धी प्रतिवेदनमा नेपाललाई उच्च जोखिममा राखेको थियो ।

सम्पत्ति शुद्धीकरणका लागि अत्यावश्यक कानुन निर्माण नहुँदा, सम्पत्तिसम्बन्धी अनुसन्धान तथा कारबाहीमा उपलब्धि नहुँदा नेपाल ‘ग्रे लिस्ट’मा परेको हो । आर्थिक मन्दीकै अवस्थामा गुज्रिएको नेपाल ग्रे लिस्टमा पर्दा अर्थतन्त्रमा समस्या आउन सक्ने अर्थविज्ञ डा. रघुवीर बिष्ट बताउँछन् । उनले भने, ‘नेपाल ग्रे लिस्टमा परे पनि १ वर्षभित्र बाहिर निस्कनेगरी काम गर्न आवश्यक छ । सम्पत्ति शुद्धीकरणमा चनाखो भएर काम गर्नुपर्ने भए पनि शंकास्पद कारोबार, सम्पत्तिको अनुसन्धानको विषयमा हामी कमजोर बन्दा »» पृष्ठ २ मा

प्रकृति मृत्यु प्रकरण

# भारतले भन्यो- दोषीलाई कारबाही हुन्छ

छात्रावासमा भएको नेपाली विद्यार्थीको आत्महत्या र त्यसपछि अन्य नेपाली विद्यार्थीहरूलाई निष्कासन गर्ने कारबाहीका सम्बन्धमा अनुसन्धान तीव्र पारिएको छ

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ९ फागुन ।

भारतको उडिसा राज्यको भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डष्ट्रियल टेक्नोलोजी (केआईआईटी)मा अभ्ययनरत रुपन्देहीकी विद्यार्थी प्रकृति लम्सालको शंकास्पद मृत्यु प्रकरणमा भारतले पहिलो पटक औपचारिक धारणा सार्वजनिक गरेको छ। भारतीय विदेश मन्त्रालयले विदेशी विद्यार्थीहरूको सुरक्षालाई उच्च प्राथमिकतामा राखिएको जनाएको छ । नयाँ दिल्लीमा शुक्रबार आयोजित नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले विदेशी विद्यार्थीहरूको सुरक्षालाई भारत सरकारले उच्च प्राथमिकतामा राखेको बताए।

भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरूलाई २ देशबीचको सम्बन्धको कडीको संज्ञा दिँदै प्रवक्ता



जयसवालले नेपाली विद्यार्थीको सुरक्षा र जनकल्याणमा आवश्यक सबै कदम चाल्ने बचनबद्धता जनाए ।

केआईआईटीमा प्रकृतिको मृत्यु र त्यसपछि नेपाली विद्यार्थीमाथि गरिएको ज्यादती प्रकरणबारे पनि उनले पत्रकार हरूको प्रश्नको जबाफ दिएका छन् । »» पृष्ठ २ मा

# स्ववियु निर्वाचन ५ चैतमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन ।

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको कार्यतालिका शुक्रबार सार्वजनिक गरेको छ । ५ चैतमा हुने स्ववियु निर्वाचनका लागि त्रिविले कार्यतालिका सार्वजनिक गरेको हो ।

त्रिवि स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिले १९ फागुनदेखि ५ चैतसम्मको निर्वाचन कार्यतालिका बनाएको छ ।

कार्यतालिकाअनुसार १९ फागुन दिउँसो ३ बजेसम्म संघ/संगठन/समूह दर्ता गर्ने अन्तिम समय तोकिएको छ। त्यस्तै, २१ फागुनमा मतदाता सूची प्रकाशित गरिने, २५ फागुनमा मतदाता सूची उपर दाबी विरोध गर्ने, मतदाता सूची उपर दाबी विरोधको छानबिन गरी अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका छ ।

त्यस्तै, २७ फागुनमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फको उम्मेदवारको मनोनयनपत्र नामावली दाखिला गर्ने समय तोकिएको छ। उम्मेदवारले २९ फागुन दिनको २ बजेदेखि २ चैत राति १२ बजेसम प्रचारप्रसार गर्न सक्ने छन् भने त्यसपछि मौन अवधि सुरु हुने छ। ५ चैत बिहान ८ बजेदेखि »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# जबरजस्ती अनलाइन स्क्यामिङमा लगाइएका ५ नेपालीको उद्धार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन ।

लाओस-थाइल्यान्ड सीमा क्षेत्रमा आपराधिक समूहले गैरकानुनी रूपमा संचालन गरेका अनलाइन स्क्यामिङ कार्यमा जबरजस्ती काममा लगाइएका ५ नेपाली नागरिकको उद्धार गरिएको छ ।

आकर्षक तलब सुविधाको लोभमा पारेर भिजिट भिसा प्रयोग गरी त्यहाँ पुऱ्याइएका नेपालीलाई थाइल्यान्डको मेवाडीबाट उद्धार गरी नेपाल फर्काइएको हो । बैंककस्थित नेपाली राजदूतावासले थाइल्यान्ड सरकारको सहयोगमा म्यान्मारको मेवाडीबाट उद्धार गरी ४ पुरुष र १ महिला नेपाल पठाएको बताएको छ ।

समाचार संस्था एएफपीका अनुसार आपराधिक गिरोहहरूविरुद्ध त्यस क्षेत्रमा हाल ठूलो आकारको अपरेसन चलाइएको छ । विशेषगरी चिनियाँ मूलका आपराधिक गिरोहले चिनियाँ नागरिकसहित अन्य मुलुकका विदेशी कर्मचारीहरू राखेर चिनियाँ, भारतीय र विश्वका अन्य धनाढ्यहरूलाई लक्षित गरी खेल सट्टेबाजी, क्रिप्टो करेन्सी र लगानी परियोजनाको प्रलोभनमा पारी जबरजस्ती अनलाइन ठगीको काममा लगाउने गरेको खुलेको छ ।

गत बिहीबारको अपरेसनमा ती अवैधानिक केन्द्रहरूबाट ३०० चिनियाँ नागरिकहरूलाई मुक्त गरिएको थियो । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले अनलाइन स्क्याम केन्द्रहरूमा गरिएको अपरेसनलाई चीन, म्यान्मार र थाइल्यान्डबीचको ‘गर्जन शैलीको सहयोग’ भनी प्रशंसा गरेका छन् । चीनले अनलाइन जुवा र टेलिकम ठगीविरुद्ध लड्न यस प्रकारका अपरेसन आवश्यक भएको बताएको छ ।

अवैधानिक अनलाइन केन्द्रहरूबाट मुक्त भएका धेरैले उनीहरूलाई उनीहरूको इच्छाविपरीत थुनेर काममा लगाएको बताएका छन् । थाइल्यान्ड सरकारले स्वदेश फिर्ता गरिएका चिनियाँ नागरिकहरूबाट बायोमेट्रिक डाटा संकलन गरिने बताएको छ ।

थाइल्यान्डलाई अपराध ट्रान्जिट हबको रूपमा दुरुपयोग रोक्न बायोमेट्रिक डाटा लिन लागेको उसले बताएको »» पृष्ठ २ मा

## विदेश पठाइदिन्छु भन्दै ठग्ने २ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि यूएई र चेक रिपब्लिक पठाइदिन्छु भनी ठगी गरेको आरोपमा २ व्यक्ति पक्राउ परेका छन् । रोजगारीका लागि यूएई लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखी विदेश नपठाई सम्पर्कविहीन भएको भनी पीडितले दिएको जाहेरीका आधारमा प्रहरीले सिन्धुपाल्चोक साँगाचोकगढी- १ का दीपेश श्रेष्ठलाई पक्राउ गरेको हो ।

उनले १ जनालाई यूएईमा वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ४ लाख लिएको उजुरी परेको प्रहरीले बताएको छ। श्रेष्ठ काठमाडौं जिल्ला कागेश्वरी मनोहरा- ९ बाट »» पृष्ठ २ मा

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : WHITE SPOT FACILITIES MANAGEMENT SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२५ — चलानी नं.: ६०२३२६२३ — LT. No.: 318363 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 50 | स. काममा दक्ष | 1000 | ३७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १८ गते (2 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Contact No: 9851235143, 9803636760, 9841136727, 9869120271, 9844064089, 9840974007, 9841468330
Gov. Lic No. 1219/074/075



मध्यान्ह
www.madhyanhadaily.com
१० फागुन २०८१ शनिबार
22 February 2025, Saturday

# अभिव्यक्ति स्वतन्त्रता मिच्ने कुनै काम हुँदैन : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले आफूहरु बोल्न नपाउने अवस्थाविरुद्ध लडेर आएकाले अभिव्यक्ति स्वतन्त्रताको अधिकार मिच्ने कुनै काम सरकारबाट नहुने स्पष्ट पारेका छन्।

ईश्वरलाल प्रतिष्ठानद्वारा प्रकाशित व्यावसायी तथा समाजसेवी राजेशकाजी श्रेष्ठको जीवनीमा आधारित 'व्यक्तित्व योगदान' पुस्तकको शुक्रबार लोकार्पण गर्दै प्रधानमन्त्री ओलीले हिजोसँगै रहेर मस्यौदा गरेका केही मान्छेहरुले अहिले अभिव्यक्ति स्वतन्त्रता हनन् हुन लाग्यो भनेर सामाजिक सञ्जाल विधेयकविरुद्ध चर्का कुरा गरेर हल्ला गरेको टिप्पणी गरे।



'हिजो टिकटकमा प्रतिबन्धै लगाएका हुन्। हामीले खोलायौँ। अहिले तिनैले जे पनि बोल्न पाउनुपर्छ भनेर अभिव्यक्ति स्वतन्त्रताको हिमायती बनेका छन्।', प्रधानमन्त्री ओलीले भने,'स्वतन्त्रताका नाममा देशकोविरुद्ध, शान्ति सुरक्षा खल्बल्याउने र सामाजिक सद्भाव भड्काउने काम स्वीकार्य हुन सक्दैन। चिन्दै नचिनेको ठाउँमा गएर शान्ति भड्काउने र जभाभावी बोल्ने काम गर्नु हुँदैन। आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकार प्रयोगमा असर पार्ने काम कसैले गर्नु हुँदैन।'

प्रधानमन्त्री ओलीले स्वीट्जरल्याण्डको बैंकमा पैसा राख्यो भन्ने जस्ता प्रश्न गरेर भ्रम फैलाइएको सन्दर्भमा प्रतिप्रश्न गर्दै भने, 'मलाई किन त्यत्रो सम्पति चाहियो ? दुई वटा रोटी र अलिकति दाल खाने हो। मैले सम्पति लुकाउनुपर्ने केही कारण छैन। मेरो सबै जीवा खुल्ला र पारदर्शी छ। यस्ता अनेक हल्ला चलाउने र भ्रम फिँजाउने तथा दुर्वाच्य बोल्ने हाम्रो सभ्यता होइन।'

उनले सुशासनबाट मात्रै हामी समृद्धितिर देशलाई लान सकिने भएको र सुशासन एउटा गम्भीर चुनौतीका रुपमा रहेकाले छिटो छरितोरुपमा कानुन बनाउने र काम अगाडि बढाउने प्रक्रियामा सरकार रहेको स्पष्ट पारे।

प्रधानमन्त्री ओलीले व्यावसायको क्षेत्रका साथै नेपाल चेम्बर अफ कमर्शको संस्थागत विकासमा योगदान दिएका व्यक्तित्व श्रेष्ठको व्यक्तित्व र कृतित्वले नयाँ पुस्ताका लागि प्रेरणदायी हुने बताए।

# 'पहिचान र अधिकारका मुद्दालाई छाडेका छैनौँ'

**कास्की/मस-** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीले पहिचान र अधिकारका मुद्दालाई कहिल्यै पनि नछाडेको बताएका छन्।



पोखरामा शुक्रबार तमु राष्ट्रिय मुक्ति मोर्चा नेपालको राष्ट्रिय भेलाको उद्घाटन गर्दै उनले संविधान निर्माणका बेलामा पहिचानका सन्दर्भमा फरक मत दर्ज गरिएको उल्लेख गरे। 'उत्पीडित वर्ग र जातिका अधिकारलाई सकेको जति संविधानमा लिपिबद्ध गरेका छौँ, गर्न नसकेका कुरामा भिन्न मत लेखेका छौँ। हामीले बीचमा हाम्रो वर्ग, समुदाय र हाम्रा मुद्दाहरू कमजोर गरी समात्यौँ। समात्न छाडेका त थिएनौँ, दरिलो गरी समात्न सकेका थिएनौँ। अब सबैको एकताबद्ध प्रयासले पहिचान र अधिकारको मुद्दालाई अगाडि बढाउछौँ', अध्यक्ष दाहालले भने।

अध्यक्ष दाहालले पार्टी विसं २०८४ को आगामी निर्वाचनसम्म सरकारमा नजाने स्पष्ट पारे। उनले एक्लै चुनाव लड्ने र जनतालाई बलियो बनाएर बहुमत ल्याउने दाबी गरे। उनले भने, 'कांग्रेस र एमालेले अर्को चुनाव मिलेर लड्नु। हामी एक्लै जनतामा जान्छौँ, जनताको ताागतमा विश्वास गर्छौं। तपाईहरू एकताबद्ध हुनुस्, आफ्नो तागत देखाउनुस्।'

अध्यक्ष दाहालले जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले मात्र राजनीतिक स्थायित्व र भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्नसक्ने बताए। उनले संविधान संशोधन गर्ने भए निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको व्यवस्थाका लागि संशोधन हुनुपर्ने बताए। 'हामी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र समानुपातिक निर्वाचन प्रणालीको पक्षमा छौँ। यसले मात्र राजनीतिक स्थिरता र सुशासन कायम गर्न सक्छ।'

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरूङले जातीय समस्या वर्गीय समस्याकै भिन्न रूप भएको बताए। उनले समाजवादमा मात्र वर्गीय र जातिय समस्याको समाधान गर्न सकिने बताए। अध्यक्ष दाहालको नेतृत्वमा पार्टी अहिले एकताबद्ध रूपमा अघि बढाइने बताए। 'राष्ट्रियता र समाजवादी क्रान्ति एकअर्कासँग निर्भर छन्। समाजवादले मात्र वर्गीय र जातीय समस्याको सम्बोधन गर्न सकिन्छ। उत्पादनका साधनमाथि जनताको स्वामित्व कायम गरेर मात्र यो कार्यभार पूरा हुन्छ', उनले भने।

माओवादी केन्द्रका स्थायी समिति सदस्य एवं पूर्वसभामुख ओनसरी घर्तीले माओवादी जनयुद्धका कारणले मात्र नेपालमा उत्पीडित जाति र समुदायले हक अधिकार पाएको बताइन्। कार्यक्रममा विसं २०७९ को स्थानीय तह निर्वाचनमा देशका विभिन्न पालिकामा विजयी भएका तमु जनप्रतिनिधिलाई सम्मान गरिएको थियो।

# जैन मन्दिरमा महाआरती र धार्मिक कार्यक्रमको आयोजना

**काठमाडौं/मस-** काठमाडौंको कमलपोखरीस्थित जैन मन्दिरमा आवार्य श्री सुनील सागरजी महाराज उपस्थितिमा महाआरती र विभिन्न धार्मिक कार्यक्रमको आयोजना भएको छ।

आवार्य सागरजी महाराज अहिंसा रथ सत्य, अहिंसा, सदाचार तथा शाकाहारको सन्दर्भमा भारतको विभिन्न राज्यमा प्रचार प्रसार गर्दै काठमाडौं आगमनको अवसरमा महाआरती र धार्मिक कार्यक्रमको आयोजना भएको हो।



जैन मन्दिर कमिटी तथा सामूहिक जिनेन्द्र आराधना संस्था नेपाल शाखाका अध्यक्ष सुभाष जैन सेठीका अनुसार यस अवसरमा श्री आदिनाथ भगवानको अभिषेक, शान्तिधारा र अहिंसा रथमा विराजित भगवान महावीरको अभिषेक र शान्तिधारा एवम् नित्य नियम पूजन पाठ गरिएको थियो। यस अवसरमा पञ्च परमेष्ठि, भगवान आदिनाथ, भगवान महावीरलाई ४८ दीपद्वारा महाआरती गरिएको थियो।

अध्यक्ष सेठीले भगवान महावीरको सन्देशलाई जनजनसम्म पुऱ्याउने उद्देश्यले अहिंसा रथको आयोजना गरिएको जानकारी दिए।

नेपाल जैन परिषदका अध्यक्ष विमलचन्द राखेचा, नेपाल अणुव्रत समितिका अध्यक्ष फूल कुमार लालवानीसहितले भगवान महावीरको सन्देश र अहिंसा रथद्वारा जैन धर्मको प्रभावनाका विषयमा मन्तव्य प्रकट गरे।

यसैगरी, पप्पू भैयाजीले पनि आचार्य सागरजी महाराजद्वारा प्रवर्तित अहिंसा रथको उद्देश्यमाथि प्रकाश पारेका थिए। त्यस अवसरमा जैन मन्दिर कमिटी र नेपाल जैन परिषदका पदाधिकारीद्वारा पप्पू भैयाजी, नवराज शर्मा र चालक नरेन्द्र पटेललाई माला तथा खादा पहिऱ्याएर स्वागत सम्मान गरिएको थियो।

**अनावश्यक...**

रूपमा रहेका यी आयोगहरू राजनीतिक कार्यकर्ताको भर्ती केन्द्र मात्र बनेका आमटिप्पणी हुन थालेको छ। हाल नेपालमा विभिन्न जिम्मेवारीसहित १४ संवैधानिक आयोगहरू छन्।

कार्यप्रकृतिका हिसाबले सबैभन्दा बलियो मानिएको अख्तियार दुरुपयोग अनुसन्धान अयोगसमेत पछिल्लो समय राजनीतिक छायामा परेर सिथिल बनेको छ। राजनीतिक भागबन्डामा प्रमुख आयुक्तदेखि आयुक्तसम्मको नियुक्ति र त्यसपछिका गतिविधिले आयोगको औचित्यमाथि प्रश्न उठेको छ।

भ्रष्टाचार नियन्त्रणमा आवश्यक अनुसन्धान गर्ने र सार्वजनिक पदमा रहेका व्यक्तिको अनियमितता जाँच गर्न बनाइएको अख्तियार राजनीतिक छायामा परेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले टिप्पणी गरे।

'भ्रष्टाचार निवारण तथा सुशासन कायम गर्न बनेका निकायहरूले निष्पक्ष र निर्धक्क भएर काम गर्नुपर्छ', उनले भने, 'अख्तियारको नेतृत्वमा जाने व्यक्तिले राम्रो मिसन लिएर जानुपर्छ। भ्रष्टाचारजन्य गतिविधिमा संलग्न राजनीतिक नेतृत्वलाई नै यी संस्थाहरूले कानुनी दायरामा ल्याउन सक्छन्। तर, त्यसको नेतृत्व गर्ने व्यक्ति पद र पैसाका लागि मात्र जिम्मेवारीमा पुग्ने सोच राख्नु हुँदैन।'

सरकारले गठन गरेका विभिन्न आयोगहरूले परिणाम दिनेगरी काम गर्न नसकेका उनको दाबी छ। लोक सेवा आयोग, मानवअधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोगलगायतले धेरथोर काम गरिरहे पनि धेरैजसो आयोग वर्षमा १/२ पटक प्रतिवेदन बनाउने र वर्षदिनभर खर्च गर्ने खालका मात्र रहेकाले त्यस्ता आयोगहरू खारेज गर्नुपर्ने उपाध्यायको सुझाव छ।

'आयोगका नाममा अनावश्यक खर्च बढेको बढ्यै छ', उनले मध्यान्हसँग भने, '३-४ वटाबाहेक धेरैजसो आयोग वर्षमा १-२ पटक प्रतिवेदन बनाउने र वर्षदिनभर खर्च गर्ने खालका मात्र छन्। त्यस्ता आयोगहरू खारेज गर्नुपर्छ।'

आम्दानीको स्रोत नभएको हाम्रो जस्तो मुलुकमा विभिन्न आयोग बनाएर राजनीतिक कार्यकर्ताहरू भर्ती गर्ने, उनीहरूलाई सेवा, सुविधाका नाममा खर्च गर्नाले सुशासन अझ कमजोर हुँदै जाने उनको तर्क छ।

राजनीतिक नेतृत्वको दबाब र प्रभावमा थुप्रै अधिकार हुँदाहुँदै पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारका ठूला मुद्दामा हात हाल्न सकेको छैन। ७ वटै प्रदेशमा कार्यालय रहेको यो आयोगमा प्रमुख आयुक्त र आयुक्तसमेत गरी १ हजारभन्दा बढी कर्मचारीहरू कार्यरत छन्।

त्यस्तै, राष्ट्रिय मानवअधिकार आयोगको काम मानवअधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयनमा निगरानी राख्ने भए पनि उक्त आयोगले सशक्त काम गर्न नसक्दा उत्पीडित तथा बञ्चितीकरणमा परेका वर्ग समुदायको अधिकार संरक्षण हुन सकेको छैन।

पछिल्लो पटक मानवअधिकार उल्लंघनका घटनामा दोषीलाई कारबाही गर्न सरकारलाई सिफारिस गर्नेबाहेक केही काम नगरेको हुँदा यसको संवैधानिक हैसियत र प्रभावकाकरितामाथि नै प्रश्न उठ्ने गरेको छ।

लोकसेवा आयोग र निर्वाचन आयोगको काममा धेरै प्रश्नहरू उठेका छैनन्। आ-आफ्नो क्षेत्रका समुदायको हक, अधिकार र समावेशितालाई प्रवर्द्धन गर्ने, भेदभाव तथा दमन अन्त्य गर्न कानुनी सिफारिस तथा नीतिगत सुझाव दिन बनाइएका मधेशी आयोग, दलित आयोग, आदिवासी जनजाति आयोग, महिला, समावेशीलगायत आयोगमा सम्बन्धित विषयका कुनै तथ्यांकसमेत व्यवस्थित छैन। बेकामे बन्दै गएका यी संवैधानिक आयोगमा पदाधिकारी र कर्मचारी गरी कम्तीमा ३ दर्जन जनशक्ति र सोहीअनुसारको खर्च छ।

नेपालको संविधान, २०७२ को अधीनमा रही गठन गरिएका यी संवैधानिक आयोगहरूका बारेमा सरकारले पुनर्विचार गर्नुपर्ने विज्ञहरूले सुझाव दिएका छन्। २०७५ सालमा डा. डिल्लीराज खनालको अध्यक्षतामा गठित सार्वजनिक खर्च पुनरावलोकन आयोगले सरकारका मन्त्रालय, विभाग, संवैधानिक आयोग, विकास समिति ऐन तथा विशेष ऐनअन्तर्गत स्थापना भएका समिति, परिषद्, बोर्डमध्ये अधिकांशलाई खारेज गर्न, गाभ्न, तल्ला तहमा हस्तान्तरण गर्न सुझाव दिएको छ।

सरकारले सोही सुझाव कार्यान्वयन गर्दै सरकारी संरचनाहरू घटाउने निर्णयसमेत गरिसकेको छ। बिहीबार मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय कार्यान्वयन भएको खण्डमा अनुत्पादक र बेकामे आयोगहरू खारेज हुने वा गाभिने निश्चित छ।

**१६ वर्षपछि...**

समस्या आएको हो।' 'ग्रे लिस्ट'मा परे पनि नेपाललाई स्तरोन्नति गर्न १ वर्षको समय पाइन्छ तर हरेक ३ महिनामा प्रभावकारी रूपमा काम गर्न सके मात्र १ वर्षभित्रै स्तरोन्नति हुन सक्ने बाटो खुल्ने छ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले १ महिनाअघि नै शुद्धीकरण र गैरकानुनी आर्थिक क्रियाकलाप नियन्त्रणका लागि अन्तर्राष्ट्रिय मापदण्ड पूरा नभएकै आधारमा नेपाललाई ग्रे लिस्टमा सूचीकृत गर्ने संम्भवना रहेको बताएका थिए।

नेपाल ग्रे लिस्टमा पर्दा अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंकलगायत बहुपक्षीय संस्थाको सहयोग रोकिन्छ। भ्रष्टाचार, वित्तीय अपराध, करको दुरुपयोग र हुन्डी जस्ता कारोबार जस्ता कारण नेपाल 'ग्रे लिस्ट' जोखिममा रहँदै आएको थियो।

**भारतले ...**

'नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्युमा दोषीलाई कानुनी कारबाही हुन्छ', उनले भने।

'भारत सरकारले देशमा रहेका सबै विदेशी विद्यार्थीहरूको सुरक्षा र कल्याणलाई उच्च प्राथमिकता दिएको छ। जहाँसम्म केआईआईटी घटनामा त्यहाँस्थित सरकार, प्रहरी र नेपाली अधिकारीसँग निरन्तर सम्पर्कमा छौं', उनले भने, 'घटनामा देखिएका मुख्य अभियुक्तसहितका आरोपीहरूलाई पक्राउ गरिएको छ। नेपाली विद्यार्थीको सुरक्षा र जनकल्याणका निम्ति भारत सरकारले आवश्यक सबै कदम चाल्ने छ।'

घटनापछि उडिसा सरकारले मुख्य सचिव नेतृत्वको उच्चस्तरीय छानबिन समिति बनाएर अनुसन्धान गरिरहेको पनि उनले बताए। समितिको प्रतिवेदन आएपछि दोषीलाई कानुनअनुसार कारबाही गरिने प्रतिबद्धता उनले भारत सरकारका तर्फबाट गरे।

घर गएका नेपाली विद्यार्थीलाई कलेजमा फर्काउन उडिसा सरकारले नै पहल थालिसकेको जानकारी पनि उनले दिए। 'उनीहरूको सुरक्षासहित अध्ययन अघि बढाउने कुराको पूर्ण प्रत्याभूति उडिसा सरकारले सुनिश्चित गर्ने बचन दिएको छ', उनले भने।

गत आइतबार केआईआईटीमा अध्ययनरत प्रकृतिको शंकास्पद् मृत्यु भएको थियो। उनले आत्महत्या गरेको बताइएको छ तर त्यही कलेजमा अध्ययनरत एडविक श्रीवास्तवले मानसिक यातना दिँदा घटना भएको उनका साथीहरूले बताएका छन्।

**अनुसन्धान तीव्र**

छात्रावासमा भएको नेपाली विद्यार्थीको आत्महत्या र त्यसपछि अन्य नेपाली विद्यार्थीहरूलाई निष्कासन गर्ने कारबाहीका सम्बन्धमा अनुसन्धान तीव्र पारिएको छ।

उडिसा सरकारको उच्चस्तरीय समितिले केआईआईटीका संस्थापक अच्युत सामन्तसँग शुक्रबार घटनाका विषयमा सोधपुछ गरेको छ। समितिले प्रमाणका रूपमा पर्याप्त कागजातहरू पनि झिकाएको छ। राज्य सरकारको गृह विभागका अतिरिक्त मुख्य सचिव सत्यव्रत साहुको नेतृत्वमा ३ सदस्यीय समिति गठन गरिएको छ।

समितिलाई आत्महत्याको परिस्थिति, संस्थानका अधिकारीहरूले गरेको मनमानी कारबाही, विद्यार्थीहरूको विशेष समूहलाई मात्र सूचना जारी गर्ने, उनीहरूका लागि संस्थान अनिश्चितकालका लागि बन्द गर्ने र अन्य सम्बन्धित मामिलाहरूको अनुसन्धान गर्ने जिम्मेवारी दिइएको छ।

यसअघि समितिले केआईआईटीको पनि भ्रमण गरेको थियो। त्यस क्रममा समितिले केही नेपाली विद्यार्थीहरूसँग कुराकानी गरेको थियो।

यसैबीच, उडिशा प्रहरीले नेपाली विद्यार्थीहरूमाथि आक्रमण गरेको आरोपमा केआईआईटीका थप ५ कर्मचारीलाई पक्राउ गरेको छ। योसँगै किट विवादमा पक्राउ पर्नेको संख्या ११ पुगेको छ, जसमा एक इन्जिनियरिङका विद्यार्थी पनि छन्।

**स्ववियु ...**

दिनको ४ बजेसम्म मतदान हुने छ। यसअघि त्रिविको शैक्षिक क्यालेन्डरमा स्ववियु निर्वाचन १५ फागुनमा गर्ने तोकिएको थियो। विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशकसमेत रहेका त्रिविका शिक्षाध्यक्ष खड्ग केसीले विद्यार्थी कल्याण परिषद्को बैठकअनुसार ५ चैतमा निर्वाचन गरिन लागिएको बताए। निर्वाचनमा २८ फागुन २०५३ पछि जन्मिएका विद्यार्थी उम्मेदवार हुन नपाउने व्यवस्था छ।

वर्तमान कार्यसमितिको २ वर्षको कार्यकाल राखिएको छ। ५ चैतमा वर्तमान कार्यकाल ठीक २ वर्ष पुग्छ। कानुनी जलिटता नआओस् भनेर अघिल्लो पटक निर्वाचन भएको मितिमै निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्लाई सिफारिस गरिएको थियो।

यसअघि ५ चैत २०७९ मा स्ववियु निर्वाचन भएको थियो। प्रत्येक २/२ वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमित रूपमा हुन सकेको थिएन। ६ चैत २०६५ मा भएको स्ववियु निर्वाचन एकै पटक १५ चैत २०७३ मा भएको थियो। त्यसपछि ५ चैत २०७९ मा देशभर केही क्याम्पसबाहेक निर्वाचन भएको थियो। त्यतिबेला ९ वटा आंगिक क्याम्पसमा निर्वाचन भएको थिएन।

यस पटक स्ववियु निर्वाचन देशभरका त्रिविका ६२ आंगिक र १ हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुने छ। निर्वाचनका लागि २८ वर्षे उमेर हद र मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ।

स्ववियु निर्वाचन स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्न निर्वाचन आचारसहिंता पनि जारी भएको छ।

विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले त्रिवि कार्यकारी परिषद्ले जारी गरेको 'स्ववियु निर्वाचसम्बन्धी निर्देशिका'अनुसार आचारसंहिता तोकिएको बताए। उनका अनुसार आचारसंहितामा क्याम्पस हाताभित्र स्ववियु निर्वाचनलाई प्रभाव पार्नेगरी सरकारी कोषबाट तलबभत्ता लिने कुनै पनि व्यक्ति वा संस्थाका कार्यक्रम गर्न नपाइने उल्लेख छ।

यस्तै, आचारसंहितामा क्याम्पसको पर्खालको बाहिर, भित्रपट्टि र क्याम्पस परिसरमा निर्वाचनसम्बन्धी भित्तेलेखन, तुल, फ्लेक्स तथा कुनै पनि प्रकारका पोस्टर टाँस्न नपाइने, विश्वविद्यालय र यसअन्तर्गतका क्याम्पसलाई हानि-नोक्सानी हुने कुनै प्रकारको प्रचारप्रसार र अन्य गतिविधि गर्न नपाइनेसमेत उल्लेख छ।

यस्तै, क्याम्पसको निर्वाचन समितिमा दर्ता भएका संघ, संगठन, समूह वा स्वतन्त्र उम्मेदवारलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम निर्वाचन समितिले संचालन गर्न सक्ने र उक्त कार्यक्रममा एकअर्काप्रति आक्षेप वा आरोप लगाउने वाक्य बोल्न नपाइने उल्लेख छ।

निर्वाचनका बेला क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचारप्रसार, विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द, हडताल र मतदान हुनुभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको प्रसारप्रसार गर्न नपाइने आचारसंहितामा उल्लेख छ।

**जबरजस्ती...**

छ। थाई प्रधानमन्त्री पाइतोङटार्न सिनवात्राले पनि बिहीबार लाओसका समकक्षीसँग भेटेर उनीहरूको साझा सीमामा अनलाइन स्क्याम केन्द्रहरूविरुद्ध लड्न साझा प्रयासहरूबारे छलफल गरेको बताइएको छ।

बैंककस्थित नेपाली राजदूतावासले नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो, धेरै पैसा कमाउने उद्देश्यले कम्बोडिया, लाओस, म्यान्मार र थाइल्यान्डलगायतका देशमा वैदेशिक रोजगारीमा नआउनका अनुरोध गरेको छ।

**विदेश...**

पक्राउ परेका हुन्। त्यसैगरी प्रहरीले आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीमा चेक रिपब्लिक पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा झापा दमक नगरपालिका- ५ घर भई काठमाडौं महानगरपालिका- ७ बस्ने २७ वर्षीय डाइमन्ड सम्बाहाम्फेलाई प्रहरीले पक्राउ गरेको छ।

डाइमन्डले चेक रिपब्लिक पठाइदिन्छु भन्दै १ जना पीडितबाट १ लाख ३८ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका- ७ बाट पक्राउ गरेको हो।

उनीहरू दुवै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरीले बताएको छ।


## युएईमा रोजगार

कम्पनी: SUPER NOVA PESTS CONTROL SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/०९ — चलानी नं.: ६०२३३४०४ — LT. No.: 319301

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner(MALE) | 5 | 0 | स. काममा दक्ष | 1100 | ४१,४३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: SALASAH FOR TECHNICAL SERVICES CONTRACTING CO LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/०९ — चलानी नं.: ६०२३३४०३ — LT. No.: 319302

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२,७३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 1 | 0 | | 1400 | ५२,७३८ | | | | | | | |
| 3. | Electrician Assistant | 1 | 0 | | 1350 | ५०,८५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Triveni Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

## कुवेतमा रोजगार

कम्पनी: AL MARKAZ COMPANY FOR DELIVERING CONSUMER ORDERS — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/०९ — चलानी नं.: ६०२३३३९५ — LT. No.: 319260

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 11 | 0 | स. काममा दक्ष | 140 | ६२,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: AL FAJR TAILOR CO. FOR WOMEN'S CLOTHES TAILORING & FABRICS — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/०९ — चलानी नं.: ६०२३३३९६ — LT. No.: 318965

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 0 | 4 | स. काममा दक्ष | 140 | ६२,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: BRIQ AL RABWA GENERAL CONTRACTING ESTABLISHMENT — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/११/०९ — चलानी नं.: ६०२३३३९७ — LT. No.: 319098

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 7 | 0 | स. काममा दक्ष | 1000 | ६२,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01- 5918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

# सरकार अध्यादेशको पासोमा फस्यो : माओवादी



**काठमाडौं/मस–** माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले सरकार अध्यादेशको पासोमा परिसकेको टिप्पणी गरेका छन् ।

केन्द्रीय समितिले गरेको निर्णयका बारेमा जानकारी दिन शुक्रबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्त सापाकोटाले सरकार अध्यादेशको पासोमा परेकै कारण २१ दिनसम्म संसद्को काम हातमा लाग्यो शून्यको अवस्थामा रहेको टिप्पणी गरे ।

'सरकार अध्यादेशको पासोमा परेकै कारण अहिले संसद आरोप-प्रत्यारोपको थलो बनेको छ', उनले भने ।

'अहिले एक प्रकारले भन्ने हो भने सरकार अध्यादेशको पासोमा परेको छ । २१ दिन भइसक्यो सदनको काम भनेको हातमा लाग्यो शून्य । सबैभन्दा महत्वपूर्ण संस्था भनेको सदन हो । त्यो आज प्रतिक्रियात्मक बन्न पुगेको छ । त्यो फगत आरोप-प्रत्यारोपको थलो बनेको छ', उनले भने ।

सरकारले सामाजिक सञ्जाललाई नियमन गर्ने नभएर नियन्त्रण गर्ने हिसाबले विधेयक ल्याएको उनले दाबी गरे अहिले सरकार लज्जाजनक स्थितिमा पुगेको उनको बुझाइ छ । साथै, पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको तत्कालीन सरकारले भ्रष्टाचारको विरुद्धमा धेरै ठूलो पहल कदमी लिएको उनले दाबी गरे । प्रचण्ड नेतृत्वको तत्कालीन सरकारले कानुनभन्दा माथि कोही हुन सक्दैन भन्ने शक्तिशाली सन्देश दिएको बथाउँदै उनले वर्तमान सरकार भ्रष्टाचारी, बिचौलिया र माफियाहरूको संरक्षक भएको आरोप उनले लगाए ।

दुई तिहाइको कुरा गर्ने सरकार अहिले अध्यादेशको बाटोमा गइरहेको र सरकार निरङ्कुश र अधिनायकवादतिर उन्मुख भइरहेको उनको भनाइ छ । 'सरकार दुई तिहाइको कुरा गर्छ । तर, अध्यादेशबाट शासन चलाउन खोज्छ । दुई तिहाइ छ भनेपछि त राम्रोसँग छलफल गरेर विधेयकहरू पास गरे हुन्छ नि । तर, अध्यादेशको बाटोबाट जान खोजिरहेको छ!, उनले भने 'पहिलो र दोस्रो ठूलो पार्टी मिलेर सरकार बन्ने भनेको संसदीय व्यवस्थामा स्वभाविक छैन । यो विस्तारै अधिनायकवादतिर जान्छ, निरकुंश हुन्छ भन्ने कुरा हिजो जे अनुमान गरिएको थियो, अहिले सरकारका सबै क्रियाकलापले त्यो पुष्टि गरिरहेको छ ।'

# 'पूर्वराजालाई बोल्ने छुट छ'



**विराटनगर/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली जनताले लोकतन्त्रको विकल्प नखोजेको बताएका छन् ।

विराटनगर विमानस्थलमा शुक्रबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले जनताले पटकपटक तानाशाह र निरंकुश शासन व्यवस्था अनुभूत गरिसकेकाले लोकतन्त्रको विकल्प नसोच्ने बताए । उनले पूर्वराजा ज्ञानेन्द्र शाहले हालै प्रजातन्त्र दिवसको अवसरमा दिएको वक्तव्यमाथि पनि टिप्पणी गरे । 'गणतन्त्रमा बोल्ने छुट सबैलाई छ । बोलेकै आधारमा पूर्वराजाको मुख थुन्ने काम हुँदैन', महामनत्री थापाले भने ।

'गणतन्त्रको सुन्दर पक्ष भनेको पूर्वराजाले पनि नागरिकको हैसियतमा आफ्ना मत राख्ने स्वतन्त्रता पाउनु हो । विगतमा पूर्वराजाको शासनकालमा राष्ट्रद्रोहको मुद्दा हामीले बोलेकै भरमा झेलेका हौं', उनले भने ।

पूर्वराजालाई आफ्ना मत जाहेर गरेकै भरमा पक्राउ गर्ने वा मुखबन्द गर्ने कार्य गर्न नहुने पनि उनले बताए । प्रजातन्त्रमा नागरिकले मुलुकको व्यवस्थाप्रति नभई सरकारको काम कारबाहीप्रति असन्तुष्टि जनाउने गरेको भन्दै उनले निर्वाचनको माध्यमबाट त्यो असन्तुष्टि व्यक्त हुने गरेको धारणा राखे । 'यसर्थ पार्टीका नेता तथा कार्यकर्ताले गुट उपगुट नबनाई जनताको सर्वोपरी हितका लागि क्रियाशील हुनुपर्छ', महामन्त्री थापाले भने । उनले प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशका सम्बन्धमा सत्तामा रहेका दलहरूसँग छलफल गरिरहेको र केही दिनभित्रै समझदारी हुने विश्वास व्यक्त गरे । नेपाली कांग्रेसको महाधिवेशनको प्रक्रिया सुरु भइसकेको र विधानले तोकेको सीमाभित्रै सबै प्रक्रिया पूरा हुने पनि महामन्त्री थापाको भनाइ थियो ।

# निजामती विधेयक निष्कर्षमा पुऱ्याउन उपसमिति गठन



**काठमाडौं/मस–** प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिले संघीय निजामती विधेयकलाई निष्कर्षमा पुऱ्याउन समितिका सदस्य दिलेन्द्रप्रसाद बडूको संयोजकत्वमा ११ सदस्यीय उपसमिति गठन गरेको छ । समितिको शुक्रबारको बैठकमा सभापति रामहरि खतिवडाले उपसमिति गठनको प्रस्ताव गरेका थिए । उपसमितिमा सांसद अशोककुमार राई, ईश्वरी न्यौपाने, चन्दा कार्की, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्रप्रसाद पाण्डे, लीलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे रहेका छन् ।

उपसमितिलाई एक महिनाभित्र समितिसमक्ष प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ । समितिमा 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८०' माथि छलफल चलिरहेको छ ।

# प्लस टु संचालन गर्न ६५ लाखको अक्षयकोष



**गोरखा/मस–** गोरखाको बारपाक सुलिकोट-५ को ताकुमाझ लाकुरीबोटमा रहेको जलकन्यादेवी माध्यमिक विद्यालयमा प्लस टु संचालनका लागि ६५ लाख रुपैयाँको अक्षयकोष स्थापना गरिएको छ ।

विद्यालयको ७२औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा अक्षयकोष संचालन समितिका अध्यक्ष पूर्वप्रमुख निर्वाचन आयुक्त दोलखबहादुर गुरुङले उक्त जानकारी दिएका हुन् । स्थानीयहरुबाट दुई वर्षसम्म चलेको अभियानबाट अक्षयकोष स्थापना गरिएको हो ।

बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले प्लस टु संचालनका लागि जनस्तरबाट ठूलो रकम उठेको भन्दै सराहना गरेका थिए । साथै उनले विद्यालयको सर्वाङ्गिण विकासका लागि पालिकाले आगामी दिनमा सक्दो सहयोग गर्ने बताए ।

शैक्षिक सत्र २०८० देखि विद्यालयमा ११ र १२ कक्षा संचालन भइरहेको विद्यालयका प्रधानाध्यापक उमाकान्त ढकालले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नीरबहादुर थापाले दाताहरुलाई धन्यवाद दिँदै शैक्षिक गुणस्तरका लागि शिक्षक मात्र नभइ अविभावक पनि चनाखो हुनुपर्ने बताए ।

विद्यालयको ७२औं वार्षिकोत्सवको अवसरमा विद्यालयले अक्षयकोष संचालन समितिका संयोजक दोलखबहादुर गुरुङ, चन्दादाता हरिजंग दवाडी, टिकादेवी गुरुङ, शारदा भुजेल, राजु खड्का, बिन्दु थापालगायत सबै चन्दादाताहरुलाई सम्मान गरेको छ ।

विद्यालयका वि.सं.२०५६ सालमा एसएलसी दिएका पूर्वविद्यार्थीहरुले १ लाख १ सय २७ रुपैयाँको छुट्टै अक्षयकोष स्थापना गरेका छन् । सामाजिक संजालमार्फत देश विदेशमा रहेका साथीहरूबीच रकम संकलन गरी अक्षयकोष स्थापना गरिएको संयोजक मधुकर खड्काले जानकारी दिए । अक्षयकोषको ब्याजबाट विद्यालयबाट प्रत्येक वर्ष एसईईमा उत्कृष्ट नजिता ल्याउने एक जना विद्यार्थी र एक जना शिक्षकलाई पुरस्कृत गरिने उनले जानकारी दिए ।

# आन्दोलनरत चिकित्सक संघ र स्वास्थ्य मन्त्रालयबीच सहमति



**काठमाडौं/मस–** चिकित्सकको सेवा सुविधा सम्बन्धमा सुरु भएको आन्दोलनरत नेपाल चिकित्सक संघ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच सहमति भएको छ । शुक्रबार भएको वार्तापछि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलको उपस्थितिमा नौ बुँदे सहमति भएको हो ।

उक्त समहतिसँगै संघले आह्वान गरेको सम्पूर्ण आन्दोलनका कार्यक्रम आजैदेखि फिर्ता लिने र नियमित कार्यमा फर्किने सहमति भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नेपाल चिकित्सक संघका प्रतिनिधि र मन्त्रालयका अधिकारीहरुबीच वार्ता भएको थियो । वार्ता पश्चात सहमति गर्दै मन्त्री पौडेलले मन्त्रालयका तर्फबाट भएका सहमति कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाए ।

वार्ताका क्रममा सरकारको प्रचलित नियमअनुसार इन्टर्नशीप र रेजिडेन्सीमा अध्ययनरत चिकित्सकलाई सेवा सुविधा, बिदा र स्वस्थ कार्यस्थलको सुनिश्चितताका लागि आवश्यक प्रबन्ध गर्न चिकित्सा शिक्षा आयोगलगायत निकायहरुलाई पत्राचार गर्न मन्त्रालय सहमत भएको छ ।

संघले राखेको स्नातकोत्तरको सिट संख्या थप्ने माग सम्बन्धमा यसअघि नै चिकित्सा शिक्षा आयोगको १७औं बैठकबाट निर्णय गरिसकेको छ । यसैगरी संघले राखेको आवासीय चिकित्सकको निर्वाह भत्ता नेपाल सरकारको आठौं तह सरह उपलब्ध गराउने विषयमा आयोगको बैठकले निर्णय गरिसकेकाले कार्यान्वयनका लागि सरोकारवाला समक्ष पहल गर्ने मन्त्रालयले प्रतिबद्धता जनाएको छ ।

मन्त्रालयले संगठन तथा व्यवस्थापन सर्भेको लागि मन्त्रिपरिषद्को निर्णयबाट पूर्वस्वीकृति प्राप्त भइसकेकाले चिकित्सक एवं स्वास्थ्यकर्मीहरुको दरबन्दी थप गर्ने विषय सर्वेक्षण पूरा गरी मन्त्रिपरिषद् बैठकमा लैजाने प्रतिबद्धता जनाएको छ ।

त्यसैगरी विकास समितिका कर्मचारीलाई स्थायी गर्ने सम्बन्धमा मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीको नेतृत्वमा प्रशासन तर्फको उपसचिव (१ जना) र नेपाल चिकित्सक संघका प्रतिनिधि एक जना रहने गरी तीन सदस्यीय कार्यदलले एक हप्ताभित्र कार्यविधि तयार गरी पेस गर्ने निर्णय गरेको छ । संघले आफ्ना माग पूरा नभएको भन्दै आन्दोलन थालेपछि मन्त्री पौडेलले माग पूरा गर्न वार्ता गर्न टोली खटाएका थिए । दुई चरणको वार्तापछि शुक्रबार सहमति भएको हो ।

# 'नेसनल आईसीटी स्कलरसिप २०८१' को आवेदन खुला



**काठमाडौं/मस–** सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा ३३ वर्षदेखि क्रियाशील कम्प्युटर एशोसियसन नेपाल (क्यान) महासंघले 'नेसनल आईसीटी स्कलरसिप-२०८१' का लागि आवेदन खुला गरेको छ ।

प्राविधिक शिक्षाका लागि विगत ७ वर्षदेखि वितरण हुँदै आएको यस छात्रवृत्ति कार्यक्रमको सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले औपचारिक शुभारम्भ गरे । क्यान महासंघले मैतीदेवीस्थित लर्ड बुद्ध एजुकेसन फाउन्डेसनसँगको सहकार्यमा नेपालभरका जेहेन्दार तथा आर्थिक रूपमा कमजोर विद्यार्थीलाई लक्षित गरी यो छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिरहेको क्यान महासंघकी अध्यक्ष सुनैना घिमिरे पाण्डेले जानकारी दिइन् । उनका अनुसार यो कार्यक्रममा यस वर्ष पनि ४९ जना विद्यार्थीलाई आंशिक तथा पूर्ण छात्रवृत्ति प्रदान गरिने छ ।

'नेसनल आईसीटी स्कलर सिप' ले ग्रामीण क्षेत्रका विपन्न विद्यार्थीलाई सूचना प्रविधि क्षेत्रमा करियर बनाउन अवसर प्रदान गर्ने अध्यक्ष पाण्डेले बताइन् । यस्ता कार्यक्रमले कार्यान्वयनको चरणमा रहेको डिजिटल नेपाल फ्रेमवर्कलाई सहयोग पुऱ्याउने उनले विश्वास व्यक्त गरिन् ।

# कामपाका सामुदायिक विद्यालयमा उत्पादन भएका फोहोर बेचेर आम्दानी



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाको सामुदायिक विद्यालयका विद्यार्थीहरूले फोहोर वर्गीकरण गरेर बिक्री गर्न थालेका छन् । कामपामा वडा नं २२ नयाँ सडकमा रहेको हिमालयन माध्यमिक विद्यालयका विद्यार्थीले विद्यालयबाट उत्पादन भएको फोहोर बेचेर आयआर्जन गर्न थालेका छन् ।

सामुदायिक विद्यालयमा कामपाले कार्यान्वयन गरेको 'बुक फ्री फ्राइडे' कार्यक्रमअन्तर्गत गठन गरिएको वातावरण र बालबालिका (बाबा) उपसमूहका विद्यार्थीहरू विद्यालयको सरसफाइ गर्दा बटुलिएको फोहोर वर्गीकरण गरेर बिक्री गर्न थालेको कामपाको उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

विद्यालयमा सफाइ गर्दा संकलन भएको कागज, कडा प्लाष्टिक, रबर, खाना प्याकिङ गर्ने खोल, सुक्खा सामानलाई छुट्टाछुट्टै ठाउँमा राख्छन् । सामान्यतया कुहिने र नकुहिने गरी फोहरलाई दुईवटा बाल्टिनमा राख्ने गरिएको उनले बताइन् ।

यस विद्यालयमा भित्ताभरिको सोकेस राखिएको छ । सोकेसको माथिल्लो भागमा चार खण्ड छन् । बीचको भागमा सूचना र जानकारी दिने ठाउँ छ । तल्लो भागमा आठ कोठा छन् । यी हरेक कोठामा छुट्टाछुट्टै फोहर राखिन्छ । यो संरचना हेर्दा फोहरलाई संकलन गरेर व्यावसायिक रूपमा बिक्री गर्ने व्यवसायको जस्तै देखिन्छ ।

उपप्रमुख डंगोलले विद्यार्थीहरूको फोहर बिक्री गर्ने अभ्यास अवलोकन गरिन् । यसक्रममा उनले विद्यार्थीलाई फोहर कहाँबाट प्राप्त गर्नुहुन्छ ? प्राप्त भएको फोहर कसरी वर्गीकरण गर्नुहुन्छ ? सरसफाइ र फोहर वर्गीकरण गर्दा व्यक्तिगत सुरक्षाका लागि के-के गर्नुहुन्छ ? जस्ता प्रश्न सोधेर व्यावहारिक ज्ञानका बारेमा जानकारी लिएकी थिइन् । उपप्रमुखले अबको योजना के छ ? भनेर सोध्नुभएको प्रश्नमा विद्यार्थीले फोहर बेचेर प्राप्त भएको रकम विद्यालयको सरसफाइ र स्वच्छताका लागि प्रयोग गर्ने योजना रहेको सुनाए ।

उपलब्ध ठाउँमा विद्यार्थीहरूले गरेको प्रयासको प्रशंसा गर्दै उपप्रमुख डंगोलले थालिएको कामलाई निरन्तर सञ्चालन गर्न प्रोत्साहन गरिन् । बाल उमेरमा सिकेको ज्ञानले जीवनभर काम दिन्छ । बालबालिकालाई वातावरणीय सुधारका लागि व्यक्तिको दायित्वबोध गराउन बाबा कार्यक्रम प्रभावकारी रहेको उल्लेख गर्दै यसको दिगोपनाका लागि बुक फ्री फ्राइडेसँग जोडिएको बताइन् ।

कार्यक्रमका साझेदारका तर्फबाट एकीकृत सहरी विकास केन्द्रका कार्यकारी निर्देशक नवीनविकास महर्जनले फोहर व्यवस्थापन अभ्यास प्रयोगमा आउन थालेपछि आकाशे पानी पुन:भरणको कार्यक्रम कार्यान्वयन गरिने बताए ।

# नालीको पानीमा डुबेर बालकको मृत्यु

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ९ फागुन

कपिलवस्तुको विजयनगर गाउँपालिका-७ गणेशपुरमा १५ महिने बालकको नालीको पानीमा डुबेर मृत्यु भएको छ । स्थानीय महिपाल धोबीका छोरा हिमान्शु धोबी घर अगाडि नालीको पानीमा डुबेको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय गणेशपुरले जनाएको छ ।

प्रहरीका अनुसार नालीमा ढक्कन नभएको र पानी जमेको स्थानमा बालक अड्किएको हुनसक्ने अनुमान गरिएको छ । घटना भएको बेला बालकका बुबा-आमा घरमा नभएको र दिउँसो खेल्ने क्रममा दुर्घटना भएको प्रहरी निरीक्षक हर्षबहादुर चन्दले जानकारी दिए ।

शवलाई पोस्टमार्टम गरी परिवारलाई बुझाइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


**साउदीमा रोजगार**
कम्पनी : CEDAR AL -WATAN OPERATION AND MAINTENANCE COMPANY LIMITED शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८१/११/०९ चलानी नं.: ६०२३३३९९ LT. No.: 319232

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मिति २०८१ फागुन १७ गते (1 March 2025) मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४ मो.: ९८१३३५६३८०, ९८४१५८२९५८
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

**साउदी र युएईमा रोजगार**
कम्पनी: KIFAH AL SHARQIYAH EST. FOR RENTAL EQUIPMENT शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८१/११/०६ चलानी नं.: ६०२३३३९४ L.T. No.: 319036

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Evuipment Driver | 3 | 0 | स. काममा दक्ष | 2500 | ९२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: TROJAN GENERAL CONTRACTING LLC शहर: UAE पूर्व स्वीकृत मितिः २०८१/११/०९ चलानी नं.: ६०२३३३९३ L.T. No.: 319283

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | स. काममा दक्ष | 900 | ३३,९०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदी रु. १०,००० युएईको निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४९८८३८०, ४९८२५३३, फ्याक्सः ४९८८३८१

**कुवेतमा रोजगार**
कम्पनी: ADVANCE INDUSTRIAL MANUFACTURING CO. OF WOOD PLASTICS PANELS शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/११/०९ चलानी नं.: ६०२३३४०० LT. No.: 319239

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 165 | ७३,९५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Helper | 15 | 0 | | 120 | ५३,७८४ | | | | | | |
| 3. | Helper Carpenter | 5 | 0 | | 140 | ६२,७४८ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HABiBi International Recruitment Pvt.Ltd.**
Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

पुस्तक समीक्षा

# क्लासिक कथाहरूको संग्रह 'दृश्य प्रलेख'



■ चन्द्र खड्का

आख्यानको एउटा भेद कथा। कथा लेखनमा अनेकौं प्रयोग भएका छन्। कोही लेखन शैलीमा र कोही विषय प्रस्तुतिमा मौलिकताको खोजीमा निरन्तर सक्रिय छन्। यसै मेसोमा भर्खरै बजारमा आएको 'दृश्य प्रलेख' शैलीगत रूपमा क्लासिकल देखिन्छ।

गोपालचन्द्र भट्टराईद्वारा लिखित १७ थान कथाहरूको यो संग्रह शिखा बुक्सबाट प्रकाशित छ। प्रस्तुत कथासङ्ग्रहको अद्योपान्त अध्ययनपछिको पाठकपरक प्रतिक्रियात्मक समीक्षा हो यो। मूलतः नारी केन्द्रित विषयलाई उठान गरी नारीकै पक्षमा स्वाभाविक परिवेश सिर्जना गर्दै परिवर्तन उन्मुख समाजको चित्रणमा संग्रहका कथाको संरचना बुनिएको छ।

मान्छेको रूपमा कि सोचमा अन्तर्निहित हुन्छ सौन्दर्य ? भन्ने प्रश्नमा रञ्जिता र श्यामसुन्दरको बहस अल्झिन्छ 'डन्डीफोर' कथा। दमित यौनकुण्ठाको उपज, जवानीको संकेत, कुरूप बनाउने रोग के हो डन्डीफोर ? के साँच्चिकै कुरूपताको उत्कर्ष स्वरूप हो यो ? बारम्बार श्रीमतीको अनुहारमा भएको डन्डीफोरलाई लिएर गरिएको नकारात्मक टिप्पणीबाट आजित रञ्जितामा अन्ततः नारीप्रति लादिने पुरुष प्रवृत्तिप्रति आक्रोश छ।

कथाकारले पुरुषमा हुने कुण्ठा, लाचारी र 'इन्सेक्योरिटी फिलिङ' जस्ता सन्दर्भलाई प्रस्तुत कथामार्फत देखाएका छन्। श्रीमान्-श्रीमतीबीचको सम्बन्ध गालाको डन्डीफोरमा अडिएको हुन्छ कि आत्मीय भावमा ? भन्दै आडम्बरको पोकालाई छर्लंग पारिएको छ। गालामा देखिने डन्डीफोरको दाग त मेट्न सकिन्छ तर संकीर्णताले सिर्जित मानव मनको दाग अतीतको 'दृश्य प्रलेख'बाट मेट्न नसकिने निष्कर्ष प्रस्तुत गरिएको छ।

पछिल्लो दशकमा मानवले भोगेको वैश्विक त्रासदी सायद कोरोनाको प्रभाव हुनुपर्छ। हरेक मान्छेले बाँचेको त्रासपूर्ण अवस्था साहित्यमा धेरै आए पनि कथाकारले 'पराजित गमन' कथामार्फत हृदयसंवेद्य रूपमा प्रस्तुत गरेका छन्। सर्वहाराले आहाराको जोहोमा अनेक संघर्ष गर्नुको विकल्प छैन अनि यस्तै मनुवालाई अनेक विपत्तिले पनि सजिलै सिकार बनाउँछ।

मङ्गले र डोल्मा जस्ता श्रमजीवीलाई कोरोनाले पारेको प्रभावको सन्दर्भलाई रोचक पाराले कथाकारले पस्केका छन्। पात्रअनुकूल लवज, थेगो र कौतूहलपूर्ण परिवेशअनुकूल वर्णनले कथा गजबको बनेको छ। सबै उच्च वर्गका मानिस स्वार्थी र शोषक मान्ने सामाजिक भाष्यलाई सुप्रिया र प्रद्युम्न पात्रमार्फत गलत साबित गरिदिएको छ।


अर्कातिर देवतुल्य मानिने चिकित्सा पेसामा सबै सहृदयी नहुने र पाषाणहृदयी ठानिने प्रहरीमा पनि प्रद्युम्न जस्ता उच्च मानवीय संवेगात्मक भावनाका व्यक्तिको पनि कमी नभएको दृष्टान्त दिन खोजिएको छ।

कतिपय लेखकले पाठकलाई कमजोर ठानी पाठकीय अनुभूतिसमेत आफैं स्पष्टीकरण दिन तल्लीन हुन्छन्। यसका विपरीत भट्टराईको प्रस्तुत संग्रहका सबैजसो कथाको टुंग्याउनीमा खुल्लापन छ। यसैको एक उदाहरण हो 'पाप धर्म' शीर्षकको कथा।

ब्राह्मण परिवारकी सुनिता क्रिस्चियन बनेकी छ र हरेक कार्यमा प्रभुप्रति अनुगृहीत हुन्छे। कथाको अन्त्यमा 'ऊ त्यस रात फुपूकामा गइन'ले पात्रहरूबीचको शारीरिक सम्बन्धको तथ्य पाठकको दिमागमा स्वतः बन्छ। अतृप्त यौन चाहना र पाशविक व्यवहारको भेदको सीमाको ख्याल गरिएको देखिन्छ। धर्म संस्कार परिवर्तनमा कुनै बेला नेपालमा चलेको दशक लामो द्वन्द्वको परिणाम देखाइएको छ।

यौन चाहना मानवीय स्वभाव हो। यो हुनु स्वाभाविक हो र नहुनुचाहिँ अभाव हो। यसको सीमा सामाजिक मर्यादाले कोरेको हुन्छ। तुलनात्मक रूपमा पुरुषमा बढी देखिनु र महिला वर्गमा यसको प्रकटीकरणमा अन्तर्मुखी बनाइएको हुन्छ। 'चञ्चली' कथाले यसै तथ्यलाई प्रस्तुत गरेको छ। परदेसिएको लोग्नेको अनुपस्थितिमा गुम्स्याएर राखेकी दमित इच्छा, चाहना, कुण्ठाको पोको खोलेकी छ चञ्चलीले। जसवीरेको उपस्थितिले उसको अवचेतन मनमा गुम्फित चाहनालाई पूर्ति गर्ने सहज अवसर भेट्टाएकी छ।

मृत्यु कसैको परिवारजनमा स्वाभाविक लाग्दैन। सेनामा कार्यरत छोराको युवावयमा नै मृत्यु भएपछि काजक्रिया सकिनासाथ बुहारीले सैनिक मुख्यालयबाट प्राप्त हुने क्षतिपूर्ति दाबीको प्रसंग छ 'अँध्यारो उज्यालो' कथामा।




> *अधिकांश कथा पाठकको अनुमानविपरीत टुंग्याउने कथाकारको मौलिक शैली देखिन्छ। भाषाप्रयोग सरल, सहज र बोधगम्य हुनुका साथै पात्रअनुकूल लवज, थेगो र सन्दर्भअनुकूल परिवेशको जीवन्त चित्रण भेटिन्छ...*

यसमा आफन्तहरू नै कसरी असहज परिस्थितिको फाइदा लुट्न उद्यत हुन्छन् भन्ने देखाइएको छ। खासमा आफ्नो लोग्नेको मृत्युको क्षतिपूर्ति दाबी गर्न नेपथ्यमा भूमिका खेल्ने अर्कै भएको देखाएर पात्रहरूको मनोविज्ञानलाई पाठकमाझ रोचक शैलीमा देखाइएको छ।

भूतकाललाई बिर्सेर वर्तमानमा रमाउनुको विकल्प छैन मान्छेसँग। वर्तमानलाई बिर्सेर भूतमा हराउन थाल्ने हो भने न वर्तमानमा जिउन सकिन्छ, न त विगतमा फर्कन। 'भूत वर्तमान' शीर्षकको यस्तै कथा छ।

दुर्घटनामा श्रीमती गुमाएपछि दोस्रो विवाह गरे पनि पहिलो प्रेममा निर्मग्न हुँदा वर्तमान बिग्रेको देखाइएको छ। प्रस्तुत कथाका माध्यमले परिस्थितिअनुकूल जिउन सक्नुपर्ने सन्देश दिन खोजिएको प्रतीत हुन्छ।

मानव मनमा अनेकौं संवेगात्मक अनुभूति हुन्छन्। रिस, क्रोध, आवेशात्मक प्रस्तुति क्षणिक हुन्छन् भन्ने कुरालाई 'शत्रुताको सीमा' कथामा प्रस्तुत गरिएको छ। अनुहार देख्दै ग्रह नमिलेर रिस उठेझैं गर्ने २ पात्र कट्टर शत्रुताको व्यवहार गर्छन्। यस्ताबीच पनि जब एकले अर्कोलाई गुमाउनुपर्ने आकस्मिक बाध्यात्मक परिस्थिति आइपर्छ, तब अनुपस्थितिले कठोर ट्रमामा पुग्न सक्ने देखाइएको छ।

नेपालको सामाजिक संरचनामा पितृसत्ताका कारण लैंगिक उपस्थितिमा ठूलो विभेद देखिन्छ। 'लोग्नेमान्छे' कथामा यसै विषयलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ। एकातिर कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेपप्रति तीव्र व्यंग्य, अर्कातिर नारी शक्ति र बालमनोविज्ञानलाई पनि सग्लो ढंगमा देखाइएको छ।

आफू लोग्नेमान्छे भएकै कारण घरमा श्रीमतीलाई अचाक्ली हेपाहा प्रवृत्ति देखाउने पुरुष पात्र र उसको छोराको मनोविज्ञानमा पारेको नकारात्मक प्रभावलाई अन्त्यमा सकारात्मक टुंग्याउनीमा लगेर समताको सन्देश दिइएको छ। सत्ता र शक्तिको पहुँच, लैंगिक समानतामूलक सोच, बालमनोविज्ञान र परिवर्तन उन्मुख नेपाली समाजको जीवन्त प्रस्तुति छ।

नेपाली समाजमा जरो गाडेर बसेको जातिगत विभेदको समस्यालाई 'विद्रोह' कथाले पस्केको छ। यसले तथाकथित दलित भनेर हेप्ने संकीर्णतालाई नर्स पेसामा आबद्ध सुनिता परियारले गरेको सरल एवं मृदुभाषी व्यवहार र उसको जातिगत पहिचानपछि गरिएको घृणित सोचविरुद्ध विद्रोह गराइएको छ। अर्कातिर, विप्रेषणले विसंगत बन्दै गएको देखाइएको छ।

१७ थान कथामध्ये अधिकांशमा नारीको सबल उपस्थिति प्रमुखताका साथ देखाइएको छ। युवा अवस्थामा हुने शारीरिक आकर्षणले निम्त्याएको विषम परिस्थितिको कथा 'लकडाउन' छ भने 'आडम्बर' कथामा अनावश्यक कृत्रिमतामा रमाउने ढोंगी समाजको चित्रण छ।

विद्वेषपूर्ण अवस्थामा एकअर्काको उपस्थिति नस्वीकार्ने २ पात्र अस्पतालको एउटै कोठामा आमनेसामने भएका छन् 'श्राप' कथामा। यसमा कोरोनाका सिकार बनेका ती दुवैलाई मृत्युले सबैलाई समान हैसियत दिएको देखाइएको छ।

अरूको उपचार गर्दागर्दै आफैं कोरोना संक्रमणमा परेका डा. इमानुअल र नर्स क्याथरिनको कारुणिक अवस्थाले पाठकलाई गम्भीर बनाउँछ।

प्रहरीले अपराध नियन्त्रणमा अनेक जटिल परिस्थितिको सामना गर्नुपर्ने विषयलाई रहस्यात्मक शैलीमा रचित कथा हो 'चोर पुलिस'। गाउँघरमा वस्तुभाउले बिगार गरेपछि तिर्ने प्रचलनलाई भनिने 'अर्मल' कथाले दुइटा परिवेशलाई एकसाथ प्रस्तुत गरेको छ। गाउँमा बाबुहरूबीच अर्मल लिने-दिने कुरामा तीव्र वैमनस्य भइरहँदा शहरमा छोरा-छोरीबिच वैवाहिक सम्बन्धले कथा अनौठो टुंग्याउनीमा पुगेको छ।

कथाकारले 'अबला र सबला' कथामा महिलामा हुने बाँझोपन र पुरुषको काम वासनात्मक प्रवृत्तिप्रति उछितो काढेका छन्। पुरुषका गलत कदमविरुद्ध खरो रूपमा उत्रिन महिला एकजुट हुनुपर्ने आवश्यकताको बोध गराएका छन्।

समग्रमा, पुरुषको हैकमवादी सोच, सामाजिक संरचनामा जातीय विभेद र यसले निम्त्याएका परिणतिहरू, महिलाका यौन चाहना, अतृप्ति, उच्छवास, कोरोनाको विश्वव्यापी प्रभाव, माया, प्रेम, घृणा, वैमनस्य जस्ता मानवीय संवेगलाई कथामा सरल ढंगले क्लासिक शैलीमा प्रस्तुत गरिएको छ।

अधिकांश कथा पाठकको अनुमानविपरीत टुंग्याउने कथाकारको मौलिक शैली देखिन्छ। भाषाप्रयोग सरल, सहज र बोधगम्य हुनुका साथै पात्रअनुकूल लवज, थेगो र सन्दर्भअनुकूल परिवेशको जीवन्त चित्रण भेटिन्छ।

कविता

## आफैंलाई पकाउने अभ्यासमा



भैरवी भूगोल

हातमा आगो बोकेर पनि
आफैंलाई पकाउन
नसकिरहेकी म।

कहिले
विचारको हिटर तताउँछु
कहिले
सिद्धान्तको दाउरा सल्काउँछु
कहिले
व्यवहारको डम्फु बजाउँछु
तर पनि
आफूलाई उस्तै
काँचो काँचो
अनुभूत गरिरहन्छु।

पाक्ने रहरमै भएका छन्
कैयौं प्रशिक्षणमूलक यात्राहरू
उत्तीर्ण गरेको छु
जीवनका कठिन परीक्षाहरू
पार लगाएको छु
निस्सासिँदा कालखण्डहरू
एक्लै छिचोलेको छु
अत्यासलाग्दा भूगोलहरू।

तर पनि
खै किन हो आफूलाई
उस्तै काँचो काँचो
अनुभूत गरिरहन्छु म।

अब
ठीक यतिबेला
आफैंलाई पकाउने
अन्तिम अभ्यासमा
जोड्न खोज्दै छु
केही झिँजामीजाहरू
जम्मा गर्दै छु
नबिक्ने प्रमाणपत्रहरू
सुमसुम्याउँदै छु
एक थान नागरिकता
र,
चुनौती दिँदै छु
मेरो हातमा बोकिएर पनि
मलाई नै पकाउन नसक्ने
लाछी आगोलाई।

# काउलीको व्यथा

कथा



■ आवाज श्रेष्ठ

> *आज म बजारमा केवल ५ रुपैयाँ प्रतिकिलोको दरमा विक्री भइरहेकी छु त्यो पनि मुस्किलले। केही समयअघिसम्म म १५० रुपैयाँ किलोमा बिक्दै गर्दा किसानले उत्साहका साथ मलाई बजारमा पठाउँथे...*

म काउली, एउटा साधारण तरकारी, जसलाई भान्छामा सधैं आदरका साथ स्थान दिइन्छ। मेरो सेतो र आकर्षक रूपले भान्छाको शोभा बढाउँछ र मेरो स्वादले धेरैका मन जित्छ। न मेरो स्वर छ, न त शब्द।

तर, आज मनको एउटा गहिरो चोटले मलाई बोल्न बाध्य बनाएको छ। सधैं मानिसका भान्छामा मुस्कुराइरहने म आज आफैंभित्रै डुबेकी छु। मेरो मन बोल्न खोजिरहेको छ, मेरो पीडा व्यक्त गर्न चाहन्छ।

म जन्मिन्छु किसानको हातमा। उनीहरूको स्नेह, मिहिनेत र आशाले मेरो अस्तित्व बनाउँछ। मलजल, पानी र परिश्रमले म हुर्किन्छु। मेरो सेतो फूल फुल्दा किसानको अनुहारमा देखिने मुस्कानले मेरो मूल्य थाहा दिन्छ। त्यो मुस्कान, त्यो चमक, त्यो आशा मभित्र जीवनको ऊर्जा बोकेर आउँछ। 'यो वर्ष राम्रो आम्दानी हुन्छ', उनीहरू भन्छन् अनि म गर्वले फुल्छु।

तर, आज ? आज त्यो मुस्कान मेटिएको छ। त्यो चमक हराएको छ। किसानको आँखामा निराशा मात्र देख्छु। म एक मौन दर्शक बनेर हेरिरहेकी छु। बजारमा मेरा थुप्रै साथीहरू मभन्दा कम मूल्यमा बेचिएका छन्। म केवल ५ रुपैयाँ किलोको मात्र रहेछु।

त्यो मूल्य सुन्दा म चसक्क भएँ। म त केही समयअघि १५० रुपैयाँ किलोको गर्विलो मूल्यमा बिक्दै थिएँ। के म अब महत्त्वहीन भएँ ? के मेरा किसानको मिहिनेत खेर गयो ? यो प्रश्नले मेरो मनमा गहिरो पीडा दिएको छ।

जब किसानले मलजल गर्दा मेरा जरा गहिरो बनाइरहेका थिए, उनीहरूको हरेक आशा मभित्र पोसिएको थियो। 'यो काउली राम्रो बिक्छ', उनी भन्थे। तर, अहिले बजारको भीडमा उनीहरू मलिन देखिन्छन्। उनीहरूको आँखाको चमक हराएको छ किनभने उनीहरूले मलाई हुर्काउन लगानी गरेको समय, श्रम र स्रोत आज घाटामा परिणत भएको छ।

मलाई याद छ, जब म सानो थिएँ, किसानले मलाई हातले समाएर माया गर्थे। त्यो स्नेह र माया मभित्र गाढा छाप बनेर बसेको छ। मैले कहिल्यै सोचेकी थिइनँ, उनीहरूका आशा यसरी मेटिने छन्।

बजारको त्यो भीडभाडमा मानिसहरू मलाई हेर्छन्। कोही भन्छन्, 'यसको मूल्य त निकै घटेछ।' कोही भन्छन्, '१५ रुपैयाँ तिरेर त एउटै काउली पाइन्छ।' तर, उनीहरूलाई थाहा छैन, मेरो मूल्य घट्दा मेरो मन मात्र होइन, किसानको जीवन पनि प्रभावित भएको छ।

किसानका लागि म केवल एउटा तरकारी होइन, म उनीहरूको सपना हुँ, उनीहरूको भविष्य हुँ। उनीहरूले आफ्नो जमिन, आफ्नो पसिना, आफ्नो समय मलाई दिएका छन्। तर, आजको यो अवस्था देख्दा मेरो मन भारी छ। मलाई लाग्छ, म मौन भएर धेरै सहेर बसेँ तर अब म बोल्न चाहन्छु। मलाई किसानको पीडा व्यक्त गर्न मन छ। मलाई लाग्छ, मेरो मौनता तोड्नुपर्छ।

आज बजारमा उभिएर म मानिसहरूलाई हेर्छु। उनीहरू मूल्य घटेकामा खुसी छन्। 'काउली सस्तो छ', उनीहरू भन्छन्। तर, उनीहरूले देख्दैनन्, त्यो सस्तो मूल्यले किसानको पीडा कसरी बढाएको छ ? त्यो मूल्यले उनीहरूको श्रमलाई कसरी सस्तो बनाएको छ ?

मसँग शब्द छैन तर मेरो मन बोलिरहेको छ। मेरो मन चिच्याइरहेको छ। किसानको पीडा र निराशा मेरो पीडा बनेको छ। मैले देखेको छु, किसान बिहानै उठेर खेतमा काम गर्न जान्छन्। उनीहरू दिनभर घामपानी सहेर मिहिनेत गर्छन्। म तिनीहरूको पसिना हुँ, तिनीहरूको सपना हुँ तर आज म तिनीहरूको दुःखको कारण बनेकी छु।

कसरी यो अवस्था आयो ? बजारमा मेरो मूल्य किन यति घटचो ? के यो मौसमको कारण हो ? के यो माग र आपूर्तिको असन्तुलन हो ? कि यो व्यापारीहरूको चलखेल हो ? मेरो मनमा यी प्रश्नहरू उम्लिरहेका छन्।

म चाहन्छु, मानिसहरूले मेरो मूल्यको मर्म बुझून्। केवल पैसामा होइन, मेरो मूल्य किसानको जीवनसँग जोडिएको छ। मेरो मूल्यले तिनीहरूको श्रमको कदर गर्छ। तर, अहिले म सस्तो छु। म यसरी सस्तो बनेकी छु, जसरी किसानका सपनाहरू सस्तो बनाइएका छन्। मेरो मन भारी छ।

आज म बजारमा केवल ५ रुपैयाँ प्रति किलोको दरमा विक्री भइरहेकी छु, त्यो पनि मुस्किलले। केही समयअघिसम्म म १५० रुपैयाँ किलोमा बिक्दै गर्दा किसानले उत्साहका साथ मलाई बजारमा पठाउँथे। तर, अब स्थिति उल्टिएको छ। मलाई थाहा छ, यो अवस्था सधैं रहने छैन। म फेरि कहिल्यै १५० रुपैयाँ किलोमा बिक्ने दिन आउने छ कि ? त्यो म जान्दिनँ तर मलाई थाहा छ, किसानको आशा कहिल्यै मर्दैन। उनीहरूले फेरि मिहिनेत गर्ने छन्, फेरि मलाई हुर्काउने छन्। यो मेरो कथा हो, एउटा काउलीको कथा। यो केवल मेरो कथा होइन, यो मेरो किसानको कथा हो। यो हरेक त्यो किसानको कथा हो, जसले आफ्नो श्रम, पसिना र सपना मभित्र जोडेको छ।

तरकारी मात्र हुँ, बोल्न सक्दिनँ। तर, किसानको पसिनाको मूल्य नपाउँदा मेरो मौनतामा एक चित्कार छ। म चाहन्छु, किसानहरूको पीडा सुन्ने कोही होस्। म चाहन्छु, मेरो मूल्यले किसानको श्रमको सम्मान होस्। सधैं मानिसका भान्छामा मुस्कुराउने म काउली अहिले किसानका आँखामा दुःखको आँसु बनेर बाँचेकी छु। आज म बोल्न सक्दिनँ तर मेरो मौनता पनि एउटा कथा हो। त्यो कथा सुन्ने कोही छ ? यही मेरो कथा हो, एक काउलीको कथा।

# 'गोपाल योन्जन' : गीत-संगीतप्रेमीले पढ्नै पर्ने पुस्तक

पुस्तक चर्चा



■ शंकरमान सिंह


संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे र काठमाडौं महानगरकी उपमेयर सुनिता डंगोलद्वारा एक कार्यक्रमका बीच 'गोपाल योन्जन' पुस्तकको लोकार्पण गरिएको थियो। गोपाल योन्जनका थुप्रै कर्ण प्रिय गीत संगृहीत पुस्तकमा १०८ जनाले आफ्नो धारणा लेखेका छन्। पुस्तक पूर्ण रूपमा पढेपछि त्यसका बारेमा पछि समीक्षा होला नै, झट्ट हेर्दा संस्मरण र जीवनीको 'हाइब्रिड' जस्तो लाग्छ पुस्तक।

पुस्तकमा 'नेपाली नेपालको माया छ कि छैन...', 'देशले रगत मागे...'लगायत थुप्रै कर्णप्रिय गीत, भजन आदिको संग्रह गरिएको छ। प्रारम्भिक रूपमा भन्नुपर्दा पुस्तक पठनीय र संग्रहणीय छ। ६६५ पृष्ठ सबै आयाम समावेश र मूल्य ९९९ रुपैयाँ राखिएको रहेछ। प्रथम संस्करण १ हजारप्रति नेपालमा नै सेवा प्रिटिङ प्रेसबाट छापिएको देखिन्छ।

विमोचनको शैलीसमेत नवीन थियो। मूल गीतका विविध पक्ष, गीतमा पनि पहिले राष्ट्रप्रेम, काठमाडौं भित्रिँदाको अनुभव, राग, प्रेमसम्बन्धी गीत, भजन, प्रेमगीत, बालगीत आदि कुन परिवेशमा लेखिएको कुरा उनकै श्रीमतीबाट सुन्ने सुअवसर प्राप्त भयो। राष्ट्रिय सभागृहमा गरिएको कार्यक्रमले विगतमा गरिएका कार्यक्रमहरूको समेत स्मरण गरायो।

नारायण गोपाल र गोपाल योन्जनबीच झगडा, बोलचाल नभएको बारे पनि पुस्तकमा उल्लेख छ। संवादको क्रममा उनको हस्तलिखित पढी बत्ती बाली मीत लगाएको र सो ईश्वर बल्लभले गराएको र सो बत्तीको धुवाँले कतिलाई पोलेको होला भन्ने कुरासमेत चर्चा गरिएको छ। प्रारम्भिक रूपमा हेर्दा लाग्छ, पुस्तक व्यापक अनुसन्धान र प्रमाणीकरणको परिणाम हो।

पुस्तक 'गोपाल योन्जन'ले उनले बाँचेको पुस्ता र वर्तमान पुस्ताबीच पुलको रूपमा काम गर्छ। यसले उनको अद्वितीय शैली, संगीत र सारलाई भित्रचाउने उनको समर्पणको अन्वेषण गर्छ। यो पुस्तक व्यापक अनुसन्धान र प्रमाणीकरणको परिणाम हो। यसलाई



सावधानीपूर्वक सम्पादन गरिएको छ। भविष्यको अनुसन्धानका लागि बहुमूल्य स्रोत, भावी अनुसन्धानकर्ताहरूका लागि बहुमूल्य स्रोतका रूपमा पुस्तकलाई लिन सकिन्छ।

गोपाल योन्जनमाथि यस्तो व्यापक पुस्तक फेरि नलेखिन सक्छ। पुस्तकलाई यसको उच्च गुणस्तर र अन्तर्दृष्टिपूर्ण सामग्री, विशेषगरी गोपाल योन्जनको जीवनी र व्यक्तित्वको अन्वेषणका रूपमा लिन सकिन्छ। यसलाई नेपाली गीत-संगीतमा रुचि राख्नेहरूका लागि पढ्नै पर्ने पुस्तकका रूपमा लिन सकिन्छ।

पुस्तकले गोपाल योन्जनको जीवन, मूल्य र अनुभवहरूलाई गहिरो रूपमा जाँच्न प्रेरित गर्न सक्छ, जसले आफैं र उनीहरूको संगीत यात्राको समृद्ध समझको नेतृत्व गर्छ। आफ्नो भविष्यका कलात्मक प्रयासहरू पनि सूचित पनि गर्छ।

आत्मकथा वा संस्मरणले संगीतकारहरूलाई आफ्ना कथाहरू, अन्तर्दृष्टिहरू र वंशजका लागि सिकेका पाठहरू सुरक्षित गर्न अनुमति दिन्छ। यसले उनीहरूको व्यक्तिगत र सांगीतिक विकासको ऐतिहासिक रेकर्डको रूपमा काम गर्न सक्छ, जसले संगीतकारहरू र संगीतप्रेमीहरूको भावी पुस्तााई प्रेरणा दिन्छ। यो गोपाल योन्जनको सन्दर्भमा अझ बढी सशक्त हुन्छ।

व्यक्तिगत अनुभवहरू साझा गर्नाले पाठकहरूसँग प्रतिध्वनि गर्न सक्छ। आपसी सम्बन्ध, सिर्जना गर्न र सहानुभूति प्रवर्द्धन गर्न सक्छ। संगीतकारहरूले उनीहरूको संघर्ष र विजयहरू साझा गर्न आफ्नो आत्मकथाहरू वा संस्मरण प्रयोग गर्न सक्छन्, जसले समान चुनौतीहरूको सामना गर्नेहरूलाई प्रेरणा र सान्त्वना प्रदान गर्छ। आत्मकथाहरू वा संस्मरणले सांस्कृतिक परिदृश्यमा व्यक्तिगत परिप्रेक्ष्य प्रदान गरेर ऐतिहासिक घटनाहरूको फराकिलो समझमा योगदान पुऱ्याउन सक्छन्। एक संगीतकारको आत्मकथा र संस्मरणले सांस्कृतिक कथाहरूलाई समृद्ध बनाउँदै उनीहरूको समयको सामाजिक-राजनीतिक सन्दर्भलाई प्रकाश पार्न सक्छ। संगीतकारहरूलाई फरक माध्यमबाट रचनात्मक रूपमा अभिव्यक्त गर्न अनुमति दिन्छ। यसले उनीहरूको कलात्मक अभिव्यक्तिमा अर्को तह थपेर उनीहरूको लेखन सीप र आवाजको विकास गर्न मदत गर्न सक्छ।

'गोपाल योन्जन' पुस्तक नेपाली संगीतमा रुचि राख्ने जो कोहीले पनि पढ्नै पर्ने पुस्तकको रूपमा उभिएको छ, जसले प्रतिष्ठित व्यक्तित्वको जीवन र विरासतको एक आकर्षक झलक प्रदान गर्छ। यो किताबमा विषयवस्तु राम्रोसँग बहेको छ र घटनाहरू तार्किक र कलात्मक रूपमा प्रस्तुत गरिएको छ। यसको अध्याय सूचीमा आलाप, आकार, झंकार, शब्द, सुर, गमक, स्वर, अन्तराल, शिलालेख, अग्रणी कृतिहरू, मोहर छाप, तरंग, स्वीकारोक्ति, चित्ताकर्षक पाटो, अन्ततः राखिएका छन्।

# एमाले–कांग्रेसले तराई–मधेशमा अन्याय गरे : उपेन्द्र यादव

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ फागुन

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले शासन सत्ता आफ्नो पकडमा राखेर तराई-मधेशमा नेपाली कांग्रेस र नेकपा एमालेले अन्याय गरिरहेको आरोप लगाएका छन् ।

नेपाली समाज कतारले आयोजना गरेको भेटघाट, सम्मान तथा शुभकामना कार्यक्रममा अध्यक्ष यादवले सत्ताको बागडोर सम्हालेर नागरिकताविहीन नागरिकलाई नागरिकता प्रदान गर्ने नाममा लाखौं नागरिकलाई अंगीकृत नागरिकता प्रदान गरेर दोस्रो पुस्तालाई वंशजको नागरिकताबाट वञ्चित गरेको बताउँदै तराईका जनतामाथि राष्ट्रले पटक-पटक अन्याय गरेको बताए ।

यादवले तराई-मदेशका जनताले आफ्नो हक हित र अधिकारका लागि बोल्दा मात्र पनि मधेशी, धोती र इन्डियनको ट्याग लाग्ने गरेको बताउँदै नेपालभित्र नेपाली भएर बाँच्न पाउने अधिकार सुरक्षित र सुनिश्चितताका




लागि मधेश आन्दोलनको अपरिहार्यता परेको स्मरण गरे । कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका यादवले देशको शासन प्रणालीले दुईतिहाई जनताको अधिकारको उपेक्षा गर्दा विकास नभएको दाबी गरे । नेपालमा बनेका सरकारले शान्ति, स्थिरता र विकासमा समेत विभेद गर्ने गरेको बताए । उनले विभेदले विद्रोह पैदा गर्ने हुँदा मिथिला संस्कृति नेपालभन्दा आफैंमा पुरानो भएको जिकिर गरे ।

प्रवास संगठनका रूपमा रहेको नेपाली समाज कतारका अध्यक्ष मनीष यादवको सभाध्यक्षतामा बिहीबार साँझ सम्पन्न कार्यक्रम सहभागीहरूको परिचयसहित अगाडि बढाइएको थियो । कार्यक्रममार्फत प्रमुख अतिथि यादवसहित कार्यसमितिका पूर्व पदाधिकारीहरू, सल्लाहकार, वर्तमान पदाधिकारी तथा पत्रकारलाई सम्मान गरिएको थियो । कार्यक्रममा समाजका अग्रज तथा सल्लाहकारहरू सहित विभिन्न व्यक्तिहरूले शुभकामना तथा शुभेच्छा स्वरूप आफ्ना भनाइ राखेका थिए ।

समाजका सचिव इशिलाल पण्डितले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष यादवले कतारमा आफ्नो पेसाबाट बचेको समयलाई सेवाका रूपमा वैचारिक संगठनमार्फत राष्ट्रका लागि खर्चिएको बताउँदै गलत भ्रमात्मक समाचार र सामाजिक सञ्जालका पछि नलाग्न जसपामा आस्थावानहरुलाई आग्रह गरे । उनले आफ्ना हक अधिकारका लागि सकारात्मक आवाज विश्वबाट उठाउन सकिने हुँदा प्रवासमा रहेर आफ्नो परिवारसहित राष्ट्रको समुचित विकास र सेवामा खर्च गर्न आग्रह गरे । यादवले मधेशी अधिकार सम्पन्न हुँदा मात्र नेपाली बनिने नत्र मधेशीकै ट्याग लाग्ने हुँदा नेपालभित्र आम नेपाली सरह सबैले स्थान पाउनुपर्नेमा आफू सचेत र सजग रहेको बताउँदै उपस्थितलाई धन्यवाद ज्ञापन गरे । समाजकी उपाध्यक्ष देवी मगरले कार्यक्रममा स्वागत मन्तव्य राखेकी थिइन् ।

# खरखडाइ कटाइमा व्यस्त मध्यवर्ती क्षेत्रका स्थानीय

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ९ फागुन



बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका स्थानीय यतिबेला निकुञ्जमा खरखडाइ कटाइमा व्यस्त छन् । फागुन ९ र १० गते दुई दिन निकुञ्ज खुल्ला गरिएपछि उनीहरु खरखडाइ कटाइमा लागेका हुन् । मध्यवर्ती क्षेत्रका स्थानीयबासीको आवश्यकतालाई मध्यनजर गरी हरेक वर्ष पुस, माघ तथा फागुन महिनामा केही दिनका लागि निकुञ्ज खुला गर्ने गरिन्छ । निकुञ्ज खुलेपछि स्थानीयबासीले वर्षभरीका लागि घर, गोठ छाउन आवश्यक खरखडाइ, सेठा, कुचो र बाबियो लगायतका सामग्रीहरु निकुञ्जबाट काटेर ल्याउने गर्छन् ।

निकुञ्ज प्रवेशका लागि ठाकुरद्वारा, मोतीपुर, पाताभार, गोला, आम्बासा, भुरिगाउँ, सैनवार, परेवावडार, रम्मापुर लगायत ८२ वटा नाकाबाट निकुञ्ज प्रवेश खुला गरिएको छ ।

खरखडाइका लागि राजश्व वापत प्रतिव्यक्ति ५० रुपैयाँ (भ्याटसहित) र संरक्षण चन्दा शुल्क ५० रुपैयाँ गरी जम्मा एक सय रुपैयाँ शुल्क निकुञ्जले लिने गरेको छ । निकुञ्ज प्रवेशका लागि बिहान ७ बजेदेखि साँझ ५ बजेसम्मको समय तोकिएको छ ।

खरखडाइ काट्नका लागि हसिया र डोरी बाहेक अन्य सामग्री निकुञ्जभित्र लैजान निकुञ्जले निषेध गरेको छ । खरखडाइ बाहेक वन्यजन्तु वा वन्यजन्तुका अंग, काठ,दाउरा, बाँसलगायतका अन्य वन पैदवार निकासी गरेका पाइएका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम कारवाही हुने निकुञ्जले जनाएको छ । खरखडाइका बेला हुन सक्ने चोरीसिकारलाई मध्यनजर गरी निकुञ्जको सुरक्षामा थप कडाइ गरिएको छ ।

# पृतनापति समन्वयात्मक बैठक सम्पन्न

**काठमाडौं/मस–** पृतनापति समन्वयात्मक बैठक- २०८१ सम्पन्न भएको छ । जङ्गी अड्डामा सञ्चालित समन्वयात्मक बैठक शुक्रबार सम्पन्न भएको सेनाले जनाएको छ ।



बैठकको समापनमा सम्बोधन गर्दै प्रधानसेनापति अशोकराज सिग्देलले सकलदर्जाको सामूहिक भावना तथा एकढिक्कापनका लागि जोड दिए । सेनाको व्यावसायिकता अभिवृद्धि गर्दै देश र जनताको सेनाप्रतिको अपेक्षा पूरा गर्न सकलदर्जाले जिम्मेवार भइ काम गर्नुपर्ने उनको भनाइ थियो । गौरवपूर्ण नेपाली इतिहासको अध्ययन, अध्यापन र जगेर्नामा टेवा पुग्ने कार्यक्रमहरू लागू गर्न समेत प्रधान सेनापतिले जोड दिए । बैठकमा वर्तमान सुरक्षा परिस्थितिको विश्लेषण, तालिमहरूको समीक्षा, बन्दोबस्ती पक्ष लगायत विविध विषयहरूमा छलफल गरिएको थियो । पृतनापति समन्वयात्मक बैठकको समापन कार्यक्रममा बलाधिकृत, बलाध्यक्ष, रथीबृन्द लगायत अधिकृतहरूको उपस्थिति थियो ।

# इस्मा गाउँपालिकामा कपडा बैंक स्थापना




**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ९ फागुन

गुल्मीको इस्मा गाउँपालिकामा कपडा बैंक स्थापना गरिएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा क्लोथ एण्ड फुड बैंक नेपालद्वारा उक्त कपडा बैंकको स्थापना भएको हो ।

आफ्नो घर, टोल र समाजलाई सफा राखौं, कोही कपडा विहीन नरहुन् भन्ने उद्देश्यलाई आत्मसात् गर्दै पुन्य कार्यमा सहभागी बनौं' भन्ने मुख्य नाराका साथ क्लोथ एण्ड फुड बैंकले प्रयोगमा नआएका प्रयोगजन्य सामग्री पुनः प्रशोधन गरेर आवश्यक पर्नेहरूलाई निःशुल्क वितरण गर्ने कार्यक्रम आयोजना गरेको हो । जसअन्तर्गत इस्मा गाउँपालिकामा कपडा बैंकको स्थापना गरिएको क्लोथ एण्ड फुड बैंक नेपालका अध्यक्ष कमल जिसीले जानकारी दिए ।

उनले परिवर्तन आफैंबाट गर्नुपर्ने, सकारात्मक सोंच राख्नुपर्ने र एकआपसमा सहयोगी भावना राख्नुपर्ने भन्दै क्लोथ एण्ड फुड बैंकका अध्यक्ष कमल जिसीले पुनः प्रयोग हुने सामग्री प्रशोधन गरेर प्रयोगमा ल्याउनुपर्ने बताए । उनले अब इस्मा गाउँपालिकामा कोही कपडा विहीन नहुने बताए ।

उनले यस पवित्र कार्यमा सहकार्य गर्ने इस्मा गाउँपालिकालाई धन्यवाद दिए । जिसीले आफैंले अध्ययन गरेको विद्यालयबाट समग्र इस्मा गाउँपालिकामा पुग्ने गरी यस कपडा बैंक शुभारम्भ गर्न पाएकोमा खुसी व्यक्त गरे । गाउँपालिकाको कार्यालय परिसर आनन्दपुर माध्यमिक विद्यालयबाट उक्त कपडा बैंक मेसिनको औपचारिक उद्घाटन भएको थियो ।

कपडा बैंकको उद्घाटन गर्दै इस्मा गाउँपालिकाका अध्यक्ष भगत सिंह खड्काले कपडा बैंकको स्थापनाका लागि साथ दिएकोमा जिसीको बाल्यकालको प्रशंसा गर्दै पुण्य अभियानका लागि धन्यवाद दिए । 'स्थानीयबासी भएकोले आफ्नै भूमिमा यस्तो पवित्र अभियानमार्फत सहयोग भएको छ', अध्यक्ष खड्काले भने, 'यस्तो प्रेरणा हामी सबैमा मिल्नुपर्छ ।' उनले कपडा बैंक स्थापना गर्ने कमल जिसी र कार्यक्रममा सहभागी युवा किसान गोकर्ण नेपालीको प्रशंसा गर्दै गाउँपालिकाका अमुल्य युवा सम्पत्ति भएको बताए ।

क्लोथ एण्ड फुड बैंकले कपडा बैंकमार्फत कपडाहरू कलेक्शन, शर्टिङ्ग, वाशिंग, सेनिटाइजरिङ्ग, प्याकेजिङ र वितरण गर्ने गर्दछ । बैंकले ५ फागुन २०८० मा बुटवलदेखि कपडा बैंकको शुभारम्भ गरेको उक्त संस्थाले हालसम्म एक हजार एक सय भन्दा बढी घरपरिवारलाई निःशुल्क कपडा वितरण गरेको छ । यस कपडा बैंकमा पुराना कपडा हुनेहरूले सौजन्य गर्ने र कपडा नहुनेहरूले त्यसबाट निःशुल्क कपडा प्राप्त गर्न सक्नेछन् ।

# लुम्बिनीमा 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सुरु



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ फागुन

लुम्बिनी प्रदेशमा 'मेरो विद्यालय, मेरो दायित्व' अभियान सुरु भएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले आफूले अध्ययन गरेको अर्घाखाँचीको अर्घा रजस्थल माध्यमिक विद्यालयबाट अभियानको सुरुवात गरे ।

सामाजिक विकास मन्त्रालयको आयोजनामा प्रदेशका सबै विद्यालयमा अध्ययनरत पूर्वविद्यार्थीको ज्ञान, सीप र लगानीको सदुपयोग गर्ने उद्देश्यले अभियान सुरु गरिएको हो ।

पूर्वविद्यार्थीको तर्फबाट मुख्यमन्त्री आचार्यले बुवाआमाको स्मृतिमा १ लाख ११ हजार १ सय ११ रुपैयाँको टिकाराम-तारादेवी अक्षयकोष स्थापना गरेका छन् । यो अक्षयकोषको ब्याजबाट प्राप्त हुने रकमबाट दलित जेहन्दार विद्यार्थीलाई वार्षिक रूपमा पुरस्कृत गरिनेछ ।

अभियानको कोषमा ५५ हजार ५ सय ५५ रुपैयाँ जम्मा गर्दै अभियानको शुभारम्भ गरिएको हो ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको मनोबल उच्च बनाउन यस अभियानले सहयोग पुऱ्याउने मुख्यमन्त्री आचार्यले बताए । 'सामुदायिक विद्यालयले धेरै व्यक्तित्व जन्माएको छ । पढेको विद्यालय प्रतिको दायित्वका विषयमा चालू आवको नीति तथा कार्यक्रममा समावेश गरेर राख्यौं । अब नियमित रुपमा अभियान चल्छ ।'

प्रदेश भित्रका १७ वटा विद्यालयबाट एकैसाथ अभियानको शुभारम्भ गरिएको हो । ७१ प्रतिशत बालबालिकाको रोजाइ बन्न सफल सामुदायिक विद्यालयप्रति अझै भरोसा र विश्वास बढाउन आवश्यक रहेको मुख्यमन्त्री आचार्यले बताए ।

सार्वजनिक विद्यालयको शाख र गरिमालाई कायम गर्न तथा सबै सरोकारवालालाई सामुदायिक विद्यालय प्रति जवाफदेही बनाउन प्रदेश सरकारले आफ्नो नीति कार्यक्रममा यो अभियान समावेश गरेको थियो । गत वर्ष एसईईको नतिजा कमजोर आएपछि सुधारका लागि यो अभियान थालिएको हो । अभियानले विद्यार्थीमा गुणस्तरीय सिकाइ अभिवृद्धि गर्न पूर्वविद्यार्थीको योगदानलाई समेट्ने विश्वास गरिएको छ ।

प्रदेशमा ६ हजार ३४० विद्यालय छन् । जसमध्ये ४ हजार ५३१ सामुदायिक विद्यालय छन् । यी विद्यालयमा अध्ययनरत १२ लाख ८८ हजार दुई सय ९८ विद्यार्थीमध्ये ९ लाख २५ हजार ६२९ जना विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् । २०८० को एसईई परीक्षामा सहभागी ८० हजार २२७ विद्यार्थीमध्ये ३१ हजार १०३ मात्र ग्रेडेड हुन सफल भएका थिए । जसअनुसार नतिजा ३८.७२ प्रतिशत मात्र रहेको छ । राष्ट्रिय औसत ४७.८७ प्रतिशत हुँदा लुम्बिनी प्रदेशको नतिजा कमजोर देखिएको छ । सामुदायिक विद्यालयमा झनै कमजोर अवस्था रहेको छ ।

प्रदेशमा ४ हजार ५३१ सामुदायिक विद्यालयमध्ये २ हजार ६५ विद्यालयमा विद्यार्थी संख्या १०० भन्दा कम छ । यी विद्यालयको संख्या कुल विद्यालय संख्याको ४५.५७ प्रतिशत हो । विगतमा समुदायले अपनत्व लिई सञ्चालित विद्यालयमा पछिल्लो समय समुदायको संलग्नता कमजोर बन्दै गएको छ ।

अभियानमार्फत् विद्यालय व्यवस्थापन, सामाजिक जागरुकता, आर्थिक स्रोत परिचालन, भौतिक सुधार तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विभिन्न गतिविधि सञ्चालन गरिनेछ । अभियानअन्तर्गत शिक्षाबाट वञ्चित वर्गलाई मूलधारमा ल्याउन आर्थिक तथा भौतिक सहयोग जुटाइनेछ । विविध शैक्षिक प्रतियोगिताका आयोजना, छात्रवृत्ति कोष स्थापना, सूचना प्रविधि सामग्री हस्तान्तरण तथा व्यावसायिक मार्गदर्शन कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

**वन पैदावार काठ बोलपत्रद्वारा लिलाम बिक्री सूचना**

**सूचना प्रकाशन मिति : २०८१/११/१० गते**

श्री मडलिक सामुदायिक वन उपभोक्ता समूह, भागेश्वर गा.पा. वडा नं.-०२, डडेल्धुराको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको सल्ला जातको काठ ५.८७ चट्टा, ए ग्रेड ६६ थानको १००६.५७ क्यूफिट, बी ग्रेड १७१ थानको १७८६.१२ क्यूफिट, कूल २३७ थानको २७९२.६९ क्यूफिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री मडलिक सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, भागेश्वर गा.पा. वडा नं.-०२, डडेल्धुरा सव-डिभिजन वन कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री मडलिक सामुदायिक वन उपभोक्ता समूह**
**भागेश्वर गा.पा. वडा नं.-०२, डडेल्धुरा**

**वर्गीकृत डिस्प्ले**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०८/२५ मा दर्ता भएको **प्रा.लि.नं. १७९६१० को गोल्डेन सन ट्राभल्स एण्ड टुर्स प्रा.लि.**को मिति २०८१/११/०९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

**मोटरसाईकल हराएको सूचना**

मिति २०८१/०९/२७ गते अन्दाजी १५:१५-१७:०० बजेको समयमा ललितपुर जिल्ला ललितपुर म.न.पा.-५, बुद्धिविकास खेल मण्डल अगाडी पार्किङ गरि राखेको बा.प्र. ०२–०५१ प ४७९६ नम्बरको कालो/रातो रङको 220cc पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावलाई रु. १०,००० पुरस्कारको व्यवस्था गरिएको छ ।

**सवारी धनी** : बि.एण्ड पि अटो प्रा.लि.
**ऋणीको नाम** : आशिष गौतम
**च्यासिस नं.**: MD2A13EX9RCB80869
**इन्जीन नं.**: DKXCRB18164
**सम्पर्क** : ९८४४२८९८३०

**कुबेतमा रोजगार**
कम्पनी: ROSH BEAUTY SALON — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/११/०५ — चलानी नं.: ६०२३३३९० — L.T. No.: 319242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | स. काममा दक्ष | 150 | ६७,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713

**Kuwait मा रोजगार** Mohamesh and Moqramesh Mobile Snacks Company
पूर्व स्वीकृती मिति: २०८१/११/९ — चलानी नं. ६०२३३३५५ — LT No. : 319194

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Helper | 4 | 0 | काममा दक्ष | 120 | ५३,७००।- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता: २०८१ फागुन १७ गते (1 March, 2025) यस प्रा. लि. कार्यालय सामाखुसीमा हुनेछ ।

Govt. Lic: 1162/073/74
Euro Asia H.R. Solutions Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

**युएईमा रोजगार**
कम्पनी : PERFECT MANPOWER SUPPLY SERVICES — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/११/०८ — चलानी नं.: ६०२३३३२० — LT. No.: 319025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason Assistant | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour/civil Labour | 20 | 0 | | 1000 | ३७,८०० | | | | | | | |
| 3. | Mining Labor | 20 | 0 | | 1000 | ३७,८०० | | | | | | | |
| 4. | Painter Assistant | 20 | 0 | | 1000 | ३७,८०० | | | | | | | |
| 5. | Road Maintenance Labor. | 20 | 0 | | 1000 | ३७,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Jobs Global.Com Employment Services Pvt. Ltd.
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240 Fax: +977-1-4002625 Mobile : 9801100112, 9801100114, 9801100116.
Email: jobsglobalnepal@gmail.com | Web: jobsglobal.com.np
Govt. Lic. No 192/057/058

**UAE मा रोजगारको अवसर** LAVAJET COMPANY -ALAIN
पूर्व स्वीकृति मिति: २०८१/११/९ — चलानी नं. ६०२३३३८५ — LT No.: 318316

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 200 | 0 | काममा दक्ष | 800 | 30,000।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED ८00 भएता पनि ८ घण्टाको AED १२00 + Free Food हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ फागुन १७ गते (1 March, 2025) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

Gov.Lic.no.: 983/067/068
Continental HRD Consultants Pvt. Ltd.
Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269
9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414626, 9801414610
Branch Office Pokhara-8, Sabhagrihachowk: 061-581724, 581728, 9810143365
E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com

**UAE मा रोजगार** Al Mawarid Althaki Recruitment Co.
पुर्व स्वीकृती मिति: २०८१/११/०९ — चलानी नं.: ६०२३३३५७ — LT.: 319175

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Adminstration Manager | 0 | 3 | काममा दक्ष | 5500 | २,०६,३००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Cleaner (Male) | 90 | 0 | | 1000 | ३७,५००।- | | | | | | | |
| ३. | Costomer Service | 7 | 0 | | 5500 | २,०६,३००।- | | | | | | | |
| ४. | Typist | 100 | 0 | | 1500 | ५६,२००।- | | | | | | | |

यसै कम्पनीको लागि Mason, Carpenter, Steel Fixer, Scaffolder & General Helper को पनि आवश्यकता भएकोले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु. १०,०००।- कामदार आफैले |

अन्तरवार्ता २०८१ फागुन १७ गते (1 March, 2025) यस प्रा. लि. को कार्यालय मिनभवनमा हुनेछ ।

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.
श्रम ईजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८६९६३४७८८

# धितोपत्र बोर्डले जारी गर्‍यो वित्तीय कारबाहीसम्बन्धी मार्गदर्शन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन ।




नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारमा सहभागीका लागि लक्षित गरेर वित्तीय कारबाहीसम्बन्धी मार्गदर्शन जारी गरेको छ। बोर्डले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम ६९ को उपनियम (३) बमोजिम धितोपत्र बजार सहभागीका लागि लक्षित वित्तीय कारबाहीसम्बन्धी मार्गदर्शन जारी गरिएको जनाएको छ।

उक्त मार्गदर्शनमा नेपाल सरकार, गृह मन्त्रालयको वेबसाइटमा सार्वजनिक भएको संयुक्त राष्ट्रसंघले प्रतिबन्ध लगाएको सूचीकृत व्यक्ति, समूह वा संगठन कारोबारमा भए/नभएको एकिन गर्नुपर्नेछ। यस्तै, सोसँग सम्बद्ध व्यक्ति, समूह वा संगठन धितोपत्र बजार सहभागीले कारोबारको तथ्यांकमा भए वा नभएको नियमित रूपमा एकिन हुने अद्यावधिक प्रणाली स्थापना गर्नुपर्नेछ।

सो तथ्यांकका आधारमा कुनै सूचीकृत व्यक्ति, समूह वा संगठन वा सोसँग सम्बद्ध अन्य कुनै व्यक्ति, समूह वा संगठनको कुनै सम्पत्ति वा कोष आफूसँग रहेको भएमा तत्काल उक्त सम्पत्ति वा कोष रोक्का राख्नुपर्ने मार्गदर्शनमा उल्लेख छ। धितोपत्र बजार सहभागीले आफ्नो कार्य सञ्चालन गर्दा आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसँग सम्बन्धित व्यवस्थाहरू पालना गर्नुपर्नेछ।

आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणसँग सम्बन्धित शंकास्पद व्यक्ति का सम्बन्धमा वित्तीय जानकारी इकाईमा रिपोर्टिङ गर्नुपर्ने व्यवस्था मार्गदर्शनमा छ।

# पोखरामा एनसेल फाउन्डेसन 'नेपाल लिटरेचर फेस्टिभल २०२५' हुने




**गण्डकी/मस** – बुकवर्म फाउण्डेशनको आयोजनामा यही फागुन १५ गतेदेखि १८ गतेसम्म पोखरामा एनसेल फाउण्डेशन 'नेपाल लिटरेचर फेस्टिभल २०२५' हुने भएको छ। कार्यक्रमबारे जानकारी दिन शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा यस वर्ष फागुन १५ देखि १८ सम्म बाह्रौँ संस्करणको एनसेल फाउण्डेशन नेपाल लिटरेचर फेस्टिभल २०२५ आयोजना गर्न लागिएको फेस्टिभलका निर्देशक अजित बरालले जानकारी दिए।

सन् २०११ देखि नेपाल लिटरेचर फेस्टिभल आयोजना हुन थालेपछि नेपालमा वार्षिक रूपमा दर्जनौँ साहित्यिक महोत्सव हुन थालेको बताउँदै उनले स्कूल, कलेजदेखि स्थानीय तहमा साहित्यिक महोत्सव हुन थालेको बताए। यही फागुनमा मात्र नेपालमा सात वटा साहित्यिक महोत्सव हुने उनले जानकारी दिए।

एनसेलकी इन्टेरिम मार्केटिङ, कम्युनिकेसन एण्ड सस्टेनेबिलिटी डाइरेक्टर विशाखा लक्ष्मी खड्काले सञ्चार र प्रविधिबाहेक कला र साहित्यका माध्यमबाट सबैलाई जोड्न कम्पनीको व्यावसायिक सामाजिक जिम्मेवारीअन्तर्गत एनसेल फाउन्डेसनमार्फत् यस उत्सवसँग आबद्ध हुन पाएको भन्दै खुसी व्यक्त गरिन्। कला, साहित्य र संस्कृति हाम्रा पहिचान भएको भन्दै उनले यिनको जगेर्ना गर्नु सबैको जिम्मेवारी भएको बताइन्।

# 'नबिल एसएसइ कनेक्ट : उद्यमशीलताको प्रवर्द्धन' कार्यशाला सम्पन्न



**विराटनगर/मस** – नबिल बैंक लिमिटेडले नबिल स्कूल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई) अन्तर्गत विराटनगरमा 'नबिल एसएसई कनेक्टः प्रदेशभर उद्यमशीलताको प्रवर्द्धन' कार्यशाला सम्पन्न गरेको छ। महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको सहकार्यमा बुधबार सम्पन्न कार्यशालामा उद्यमी, उद्योग तथा वाणिज्य संघका प्रतिनिधि, शैक्षिक संस्थाका नेतृत्वकर्ता र सरकारी पदाधिकारीबीच उद्यमशीलताका क्षेत्रमा सहकार्य, मार्गदर्शन, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका अवसर तथा चुनौतीबारे छलफल गर्दै कार्यशाला सम्पन्न भएको हो।

बैंकले कार्यशालामार्फत् उद्यमशीलता विकासलाई प्रवर्द्धन गर्दै नबिल एसएसईअन्तर्गतको प्रमाणपत्र कोर्सलाई मुलुकभर विस्तार गर्ने उद्देश्य लिएको छ। नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले कार्यक्रमका सहभागीहरूलाई सम्बोधन गर्दै नबिल एसएसईबारे जानकारी गराएका थिए।

उनले यस कार्यक्रममा सहभागीहरुलाई थप उद्यम स्थापना गर्नका लागि प्रोत्साहन गर्दै कार्यक्रमको उद्देश्य मुलुकमा रोजगारी सिर्जना र युवा पलायन रोक्नु रहेको बताए। सोही अवसरमा 'प्रदेशीय विकासमा उद्यमशीलताको भूमिका' विषयको अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। अन्तरक्रियामा कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव बिशाल घिमिरे, पूर्वाञ्चल विश्वविद्यालयको व्यवस्थापन संकायका डिन डा. सन्देशदास श्रेष्ठ, नबिल बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडेल तथा नेपाल लघु तथा साना उद्योग महासंघका अध्यक्ष चेतन निरौला थिए भने मध्यस्थकर्ताको भूमिकामा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका उपप्राध्यापक ज्योती कोठारी थिए। अन्तरक्रिया कार्यक्रममा कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले स्वदेशमै पुँजी तथा श्रम राख्न सक्नुपर्नेमा जोड दिए। उनले सरकारले पनि उद्यमशीलता प्रवर्द्धन गर्ने नीति तथा नियम निर्माणमा समन्वय गर्नुपर्ने आवश्यकता औँल्याए।

नबिल बैंकका अध्यक्ष पौडेलले बैंक सामाजिक उद्यमशीलता प्रवर्द्धनमा केन्द्रित रहेको जानकारी दिँदै उद्यमशीलताको इकोसिस्टम विकास गर्नुपर्नेमा जोड दिए। उनले नयाँ क्षेत्रमा प्रवेश गर्दा बजारको माग, लगानी र उद्यमीका क्षमताबारे विचार गर्न आवश्यक रहेको उल्लेख गरे।

# सलिको र सरिना जी ट्रेडबीच बीमासम्बन्धी सम्झौता



**काठमाडौं/मस** – सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड (सलिको) र सरिना जी ट्रेडबीच बीमा सेवा सम्बन्धी सम्झौता भएको छ। सरिना जी ट्रेडमार्फत् बिक्री गरिने इभि इजि ट्याक्सीहरूको मोटर बीमा सलिको इन्स्योरेन्सले गर्ने सम्झौता भएको हो।

उक्त सम्झौतापत्रमा सलिको इन्स्योरेन्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्री तथा सरिना जी ट्रेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत अजय महतोले हस्ताक्षर गरेका छन्। सम्झौतापत्र आदानप्रदान गर्ने कार्यक्रममा सलिको इन्स्योरेन्सको तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत वरिष्मा साउद आचार्य लगाएत सरिना जी ट्रेडको तर्फबाट उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति थियो।

सरिना जी ट्रेडबाट बिक्री गरिने विद्युतीय सवारीसाधनहरुको व्यापक सवारी साधन बीमा सलिको इन्स्योरेन्सबाट हुने र उक्त सवारी साधन अन्तर्गत भविष्यमा कुनै दाबी परेमा बीमा कम्पनीले दावी भूक्तानी प्रकृयालाई थप सरल, सहज, नगदरहित तथा शिघ्र भुक्तानी गर्ने समेत जनाइएको छ।

*नेपाल सरकार*
*उद्योग, बाणिज्य तथा आपुर्ती मन्त्रालय*
*कम्पनी रजिष्ट्रारको कार्यालयको*

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

*यस कार्यालयमा २०७६/०९/२४ मा दर्ता भएको प्रा.लि. नं. २३२२३२ को* **स्नेहा युनिक बुटिक प्रा.लि.** *नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।*

**सूचना ! सूचना !! सूचना !!!**

**प्रकाशित मितिः २०८१/११/१०**

प्रस्तुत विषयमा नेपाल भारत मैत्रीसंघको विधान ०३८ को दफा ४५ को उपदफा-१ बमोजिम सामाखुशी उपशाखा काठमाडौंको गठन (निर्वाचन) गर्नुपर्ने भएकोले यस उपशाखाको मिति २०८१/१०/१२ गतेका दिन बसेको कार्यसमितिको बैठकको निर्णयानुसार मिति २०८१/११/१० गते यस उपशाखाको गठन (निर्वाचन) हुने भएकोले तपशीलमा उल्लेखित स्थान, मिति र समयमा यहाँको उपस्थितिको लागि यस उपशाखाका आजिवन सदस्यहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्थान : दियालो पार्टि प्यालेस, बसुन्धरा, काठमाडौं**
**मिति : २०८१/११/१० गते शनिबार**
**समय : दिनको ठिक १२:१५ बजे**
**सम्पर्क : ९८५११९१०३४, ९८५११३७५१, ९८५११३८९६३**

**लक्ष्मण खनाल** — सचिव
**शेषकान्त शर्मा पौडेल** — अध्यक्ष

**नेपाल–भारत मैत्री संघ**
**सामाखुसी उपशाखा, काठमाडौं**

**Free Recruitment (Zero Cost) सहित Qatar मा रोजगारको अवसर**

कम्पनीः TK Airport Solutions S.A., Doha, Qatar पूर्व स्वीकृती मिति २०८०।०५।२३, चलानी नं. ६०२१२८२८, LT.No. 297818 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Technician | 04 | - | स.काममा दक्ष | 1200 | ४५,७१०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | निःशुल्क |

**अन्तर्वार्ता २०८१ फाल्गुन १७ गते (1 March, 2025) मेनपावर कार्यालय बसुन्धरामा हुनेछ ।**

**वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.** श्रम इजाजत नं. ८३७/०६६/०६७
धापासी ७, बसुन्धारा काठमाण्डौ फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७

**UAE मा रोजगार** कम्पनीः SKAFA GROUP FZE शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०९ चलानी नं.: ६०२३३३७४ L.T. No.: 319177

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Helpers | 20 | 20 | स. काममा दक्ष | 1000 | ३७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३, 9802341585, 9767241249, 9864827296

**युएईमा रोजगार** कम्पनीः WE ONE शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/२६ चलानी नं.: ६०२३३३५३ LT. No.: 315264

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 200 | 0 | स. काममा दक्ष | 2262 | ८५,२०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि अन्तर्वार्ता घमाघम भइरहेको छ ।**
**अन्तर्वार्ता होटल आनन्द पशुपती, काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।**

**नोट :**
**Height: 5'7" अथवा सो भन्दा माथि हुनुपर्नेछ । Age: २३ देखि ४० वर्ष सम्मको हुनुपर्नेछ ।**
**अंग्रेजी भाषामा दक्ष हुनुपर्नेछ । नोट : स्यालरी २२६२ AED भएतापनि ओवरटाइम सहित २८ दिनको २४०७ AED हुनेछ**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४१११११२६
Phone No : 9802070434 , 9802070435 , 9802070424, 9802378121

**साउदीमा रोजगार** कम्पनी : MIDDLE EAST SERVICES COMPANY LIMITED शहरः AL KHOBAR
पूर्व स्वीकृत मितिः २०८१/१०/२७ चलानी नं.: ६०२३२७२७ L.T. No.:318549

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MIDDLE EAST CONTRACTING COMPANY LIMITED शहरः AL KHOBAR
पूर्व स्वीकृत मितिः २०८१/११/०५ चलानी नं.: ६०२३३२१४ L.T. No.:319022

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता विर्तामोड, झापामा २०८१ फागुन १८,१९,२० गते (2,3,4 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**सुनकोशी म्यानपावर सर्भिस प्रा.लि.** Govt. Lic No.: 69/052/53
मैतिदेवी, काठमाडौं, नेपाल, फोनः ०१-४५१९१९३, ४५२२१०८ Email: sunkoshi.kathmandu@gmail.com

**साइप्रसमा रोजगार** कम्पनीः CONSTANTIN ELENA PIRILLOU- LICENSE 363 शहरः NICOSIA
पूर्व स्वीकृत मितिः २०८१/०९/२४ चलानी नं.:६०२३१०८० LT. No.: 316820 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 11 | 2 | सम्बन्धित काममा दक्ष | 800 | ११५,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/Waitress | 5 | 4 | | 800 | ११५,५५२ | | | | | | | |

**प्रि अन्तर्वार्ता आनन्द होटल काठमाडौंमा २०८१ फागुन १६ गते (28 February 2025) मा हुनेछ ।**
**फाइनल अन्तर्वार्ता हिल्टन एकेडेमी बसुन्धारा, काठमाडौंमा २०८१ फागुन १७ गते (1 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**Sundar Nepal Overseas Pvt. Ltd.** Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 4578460.
Mo.: 986-0480301, 9841566228, 9851170602, 9848359334 Email: Sundarnpo@gmail.com

**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय भरतपुर, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८१/११/१० गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगिक व्यवसाय ऐन बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०६४ साल ०६ महिना २९ गते दर्ता नं. ५०/०६४/०६५ तथा आन्तरिक राजश्व कार्यालय भरतपुरमा मिति २०६४/०६/१० मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ३०२६७७४३६ अन्तर्गत दर्ता कायम भएको **डेइला निर्माण सेवा**।

२. संगराम तामाङको नाति, कर्ण बहादुर तामाङको छोरा, चितवन जिल्ला, कल्याणपुर न.पा./गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **मिन बहादुर तामाङ्ग** (ना.प्र.नं. १६४१, जारी मिति २०३७/१२/०९, जि.प्र.का. चितवन)।

३. चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपालमा मिति २०७७ साल ०६ महिना १३ गते दर्ता नं. ७/५७४ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुरमा मिति २०७७/०६/१८ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६१३८७४४६७ अन्तर्गत दर्ता कायम भएको **कृषि तथा पशु फर्म**।

**ऋणी (१), (२) र (३) को संयुक्त व्यक्तिगत जमानीकर्ताको विवरण**

कर्ण बहादुर तामाङको बुहारी, मिन बहादुर तामाङको पत्नी, चितवन जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **प्रेम कुमारी तामाङ** (ना.प्र.नं. ७८०/०३४, जारी मिति २०६३/०३/०८, जि.प्र.का. चितवन)।

**ऋणी (१) र (३) को संयुक्त व्यक्तिगत जमानीकर्ताको विवरण**

सिंगराम तामाङको नाति, कर्ण बहादुर तामाङको छोरा, चितवन जिल्ला, साविक कल्याणपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ७ स्थाई ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **मिन बहादुर तामाङ्ग** (ना.प्र.नं. १६४१, जारी मिति २०३७/१२/०९, जि.प्र.का. चितवन)।

**ऋणी (२) र (३) को संयुक्त व्यक्तिगत जमानीकर्ताको विवरण**

मिन बहादुर तामाङ्गको बुहारी, धन बहादुर तमाङको पत्नी, चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **कसम तामाङ्ग** (ना.प्र.नं. १५१५८/०६१, जारी मिति २०६१/०२/१९, जि.प्र.का. चितवन)।

**धितोको विवरण**

१. मिन बहादुर तामाङ्ग (ना.प्र.नं. १६४१, जारी मिति २०३७/१२/०९, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, साविक पटिहानी गा.वि.स./न.पा. वडा नं. ७ ख हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १३ स्थित कि.नं. ७५५, ११७३ र ८९३ को क्षेत्रफल क्रमशः ०-१-१४ (विगाहा), ३,३८६.३२ (व.मि.), र ०-९-३-० (विगाहा) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. मिन बहादुर तामाङ्ग (ना.प्र.नं. १६४१, जारी मिति २०३७/१२/०९, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, साविक गुन्जनगर गा.वि.स./न.पा. वडा नं. ७ क हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ स्थित कि.नं. १८९ को क्षेत्रफल ६५८.७४ (व.मि.) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. मिन बहादुर तामाङ्ग (ना.प्र.नं. १६४१, जारी मिति २०३७/१२/०९, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. ७ च हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ७ स्थित कि.नं. ४३६ को क्षेत्रफल १६३.९७ (व.मि.) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. मिन बहादुर तामाङ्ग (ना.प्र.नं. १६४१, जारी मिति २०३७/१२/०९, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, साविक कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ७ घ हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ७ स्थित कि.नं. ७१ को क्षेत्रफल ०-१-१४-० (विगाहा) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
५. मिन बहादुर तामाङ्ग (ना.प्र.नं. १६४१, जारी मिति २०३७/१२/०९, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, साविक कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ७ घ हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ७ स्थत कि.नं.१९४ को क्षेत्रफल ०-०-४-० (विगाहा) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
६. प्रेम कुमारी तामाङ (ना.प्र.नं. ७८०/०३४, जारी मिति २०६३/०३/०८, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, साविक गुन्जनगर गा.वि.स./न.पा. वडा नं. ७ क हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १८ स्थित कि.नं. को १२९२ क्षेत्रफल २८०६.५८ (व.मि.) बमोजिमको जग्गा एवं सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
७. डेइला निर्माण सेवाको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
८. कृषि तथा पशु फर्मको स्वामित्वमा रहेको चल अचल सम्पत्ति (Plant and Machinery, Office Equipment and other fixed assets) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank
शाखा कार्यालय : भरतपुर, चितवन
फोन नं. ०५६-५९५९८१
Website : www.siddharthabank.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१० फागुन २०८१ शनिबार
22 February 2025, Saturday

# '१० वर्षदेखि गर्न नसकिएका काम ४ महिनामै सुरु'



**काठमाडौं/मस–** चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीले विगत १० वर्षदेखि गर्न नसकिएका काम पछिल्लो ४ महिनामा सुरु भएको बताएका छन् । शुक्रबार नेपाल-अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको समारोहमा बोल्दै उनले तत्कालै १ हजार ३०० रोपनी जमिन स्टुडियोका लागि धुलिखेल नगरपालिकासँग सम्झौता गरेको जानकारी दिए ।

उनले भने, 'चलचित्र विकास बोर्डले तत्कालै १ हजार ३०० रोपनी जमिन धुलिखेल नगरपालिकासँग सम्झौता गरेको छ । १ हप्ताको निर्णयमा हामीले भोगचलन गर्न पाउनेगरी ल्याएका छौं । प्रक्रियामा छौं । बनेपामा एउटा इनडोर स्टुडियोको काम पनि भइरहेको छ ।'

उनले सरकारी ४२ रोपनीको जग्गामा स्टुडियो बनाउन टेन्डर आह्वान गरेको जानकारी दिएका छन् । उनले टेन्डर १ महिनामा आउने र वैशाखमा काम सुरु गर्ने पनि बताए ।

उनले भने, 'सरकारले दिएको ४२ रोपनीको जग्गामा स्टुडियो बनाउन टेन्डर आह्वान गरेका छौं । टेन्डर १ महिनामा आउँछ र वैशाखमा काम सुरु गर्छौं । आमचलचित्रकर्मीहरूका बीचमा निर्माता र वितरकको बीचमा भएका एकअर्काका शंकाहरू निवारण हुनेगरी काम गरिरहेका छौं । ऐनको कुरामा विकास बोर्डबाट संचार मन्त्रालय, संचारबाट अर्थ मन्त्रालय फेरि अर्थ मन्त्रालयबाट संचार मन्त्रालय हुँदै प्रधानमन्त्रीको हातमा पुगेको छ । आउँदो बजेटमा पास गर्ने छौं । विगत १० वर्षदेखिको अध्यक्षहरूले गर्छु भनेको गर्न नसकेका र गर्न नदिइएका कामहरू गरेर ४ महिनामा चलचित्र उद्योगका लागि सफलताको बाटोतर्फ धकेलेको छ ।'

नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपमा नेपाल-अफ्रिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव ९ देखि ११ फागुनसम्म चल्ने छ । उक्त चलचित्र महोत्सवका आयोजक विलक्षण क्रिएसन प्रा. लि. र सहआयोजक चलचित्र विकास बोर्ड रहेको छ ।

# 'भूठान'को टिजरमा हरिवंशको पुनर्जन्म

**काठमाडौं/मस–** हरिवंश आचार्यको बहुप्रतीक्षित चलचित्र 'भूठान'को टिजर सार्वजनिक भएको छ । 'भूठान' शब्दले कुनै समय आफ्नो घर रहेको तर अहिले हराइसकेको वा परिवर्तन भइसकेको स्थान भन्ने बुझाउँछ ।

ओएसआर डिजिटलबाट सार्वजनिक भएको टिजरमा हरिवंश आचार्य नयाँ अवतारमा प्रस्तुत भएका छन् । अमेरिका लगिएका भुटानी आप्रवासीको भूमिकामा देखिएका हरिवंश गम्भीर भाव र मुद्रामा देखिएका छन्, जहाँ उनी आफ्नो देश फर्कन खोजेको तर नपाएर विक्षिप्त बनेको मानसिक रोगी भएको देखाइएको छ । एक दृश्यमा दयाहाङ राई र जोयश पाण्डेले अभिनय गरेका पात्रहरू दाजुभाइ रहेका र बाबुको शवलाई गाड्ने कि जलाउने भनेर वादविवाद गर्दै गरेका देखिन्छ । सो दृश्यले चलचित्रमा यो विवादको अन्त्य कसरी होला भन्ने कौतूहल प्रदान गरेको छ ।

अर्को एक दृश्यमा समलैंगिक सम्बन्ध राखेको थाहा पाएर आफ्नी छोरीलाई हकार्दै गरेकी आमा पात्रको भूमिकामा ऋचा घिमिरे देखिएकी छन् । खुल्ला समाजले दिएको स्वतन्त्रता र त्यसले परिवारमा ल्याएको तनाव सो दृश्यले देखाउन खोजेको छ ।

हलिउडका विश्व विख्यात अभिनेता ब्रुस डर्न पनि पहिलो पटक नेपाली निर्देशकले बनाएको फिल्ममा देखिएका छन्, जसले सिनेमा अन्तर्राष्ट्रिय स्तरमै



बनेको देखिन्छ । टिजरको अन्त्यमा महामृत्युन्जय मन्त्र पढ्दै गरेको धमिलो नांगो शरीर र 'तेरो पुनर्जन्म भयो' भन्दै पानीमा चोपलेर निकालिएको अर्को शरीर देखाइएको छ, जसले फिल्मको कथावस्तु अत्यन्त गम्भीर रहेको र हरिवंश आचार्यले अभूतपूर्व अभिनय र भूमिका निर्वाह गरेको प्रस्ट देखिन्छ ।

चलचित्रभित्र हरिवंशको पुनर्जन्म हुन्छ कि हुँदैन पूरै फिल्म नआई भन्न सकिन्नँ तर अभिनयको दुनियाँमा भने उनको पुनर्जन्म हुने निश्चित देखिएको छ । यति लामो उनको अभिनय यात्रामा यो खालको हाउभाउ र चरित्र अहिलेसम्म नेपाली सिनेमाका दर्शकले देख्नै पाएका थिएनन् ।

अंग्रेजीमा 'द वर्ल्ड्स ह्याप्पिएस्ट म्यान' नाम रहेको यो चलचित्रको मुख्य भूमिकामा हरिवंश आचार्यसहित दयाहाङ राई, अनुराधा मजुमदार, पूजा चन्द, ऋचा घिमिरे, जोएस पाण्डे, अदिती प्याकुरेल, टम क्रेन, विमल सुवेदीका साथै हलिउडका विश्व विख्यात अभिनेता ब्रुस डर्नले विशेष भूमिकामा अभिनय गरेका छन् ।

हलिउडको साग अफ्ट्राअन्तर्गत रहेर बनेको यो पहिलो नेपाली चलचित्र हो, जसमा हलिउडका केही प्राविधिकहरूले पनि काम गरेका छन् ।

सन् २०१९ मा ९२औं अस्कर अवार्डका लागि नेपालबाट मनोनीत चलचित्र 'बुलबुल' निर्देशन गरेर नेपाल सरकारले प्रदान गर्ने सर्वोत्कृष्ट निर्देशकको राष्ट्रिय चलचित्र पुरस्कार पाएका विनोद पौडेलको यो दोस्रो चलचित्र हो ।

यस चलचित्रको प्रमुख निर्मातामा अविरल थापा, राजेन्द्र ठकुराठी, अमिताव जोशी, सुशांक मैनाली र कीर्तना बाँस्कोटा छन् । साथै, कार्यकारी निर्मातामा विकास भिटो अधिकारी, कौशिला खनाल कर्माचार्य, रमेश भट्ट, अपार श्रेष्ठ, भुवन प्याकुरेल छन् भने सहनिर्मातामा जोयस पाण्डे, प्रदीप शर्मा (बडाईं), राजु पौडेल, रविन पोखरेल र नवराज पराजुली छन् ।

यसका अलावा दीपक गजमेर लाइन प्रडचुसर र एसोसिएट प्रडचुसरमा एली बोहरा छन् ।

चलचित्रमा सुसन प्रजापतिको छायांकन, अन्जय खड्काको सम्पादन, डिकेश खड्गी शाहीको ध्वनि, सम्बरन प्रेथु राईको संगीत, सूर्य शाहीको कास्टिङ, उज्ज्वल श्रेष्ठको पब्लिसिटी डिजाइन, विमल सुवेदीको प्रोडक्सन डिजाइन, बलिउडका प्रख्यात कला निर्देशक अन्जन गजुरेलको कला निर्देशन छ ।

यस चलचित्रलाई ठकुराठी ब्रोज, भ्याकेन्ट लाइट, एभरेष्ट इन्टरटेनमेन्ट, अमेरिकाको सहकार्यमा नेपालको अवेकन प्रोडक्सन र अमेरिकाको म्याड मंकी फिल्म्सले निर्माण गरेका हुन् ।

चलचित्रले भुटानदेखि नेपाल हुँदै अहिले अमेरिकामा बसोबास गरिरहेका भुटानीहरूको देशप्रेम र थातथलो छाडेर विदेशमा बस्नुपर्दा आफ्नो जन्म घर हराएको सबै आप्रवासीको पीडा प्रस्तुत गरेको छ । यो चलचित्र आगामी वर्ष १२ वैशाख २०८२ मा संसारभर प्रदर्शनमा आउने छ ।

# 'होस्टेल ३'को ट्रेलरमा कलेज र होस्टेल जीवनका अनुभव





काठमाडौं/मस- नेपाली चलचित्र 'होस्टेल ३'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा आयोजित एक विशेष समारोहका बीच चलचित्र 'होस्टेल ३'को ट्रेलर सार्वजनिक गरिएको हो ।

सम्मान इन्टरटेनमेन्ट र आरोन कन फिल्म प्रा.लि.को संयुक्त ब्यानरमा निर्माण भएको यो चलचित्र आगामी २३ फागुनमा रिलिज हुने तयारीमा छ । चलचित्रको ट्रेलरले कलेज र होस्टेल जीवनका अनुभव तथा तिनका विविध घटनाक्रमलाई प्रस्तुत गरेको छ ।

शाहिल खानले सम्पादन गरेको चलचित्रको ट्रेलरमा जीवनका रमाइला क्षणहरू मात्र होइन, तिनका चुनौतीहरूलाई पनि पर्दामा उतारेको छ ।

यसमा पारस बम ठकुरी, सिम्रन पन्त, आशिष घिमिरे, पदम तामाङ, हेना नगरकोटी, रिहान गिरी, समा पराजुलीलगायतका मुख्य पात्रको जीवनका झलक देख्न सकिन्छ । अभिनेता प्रवीण खतिवडा वार्डेनको भूमिकामा छन् भने आशिष पुरुष, रोहन श्रेष्ठ, उमर खान र सन्तोष बानियाँ प्रतिपक्षी भूमिकामा देखिएका छन् ।

'होस्टेल'को अघिल्लो शृंखलाबाट अनमोल केसी, सलोन बस्नेत, स्वस्तिमा खड्का, नाजिर हुसेनलगायत दर्जनौं कलाकार उदाएका थिए । अब, 'होस्टेल ३'ले पनि नयाँ कलाकारलाई स्थापित गर्ने संकेत गरेको छ ।

२ दशकदेखि संगीत तथा म्युजिक भिडियो निर्देशनमा सक्रिय रहेका सशान कँडेलले यो चलचित्रको निर्देशन गरेका छन् । लेखन तथा एसोसियट निर्देशन माधव शर्माले गरेका छन् ।

निर्माता सुरेश कँडेल, कर्ण कार्की, गोविन्द अधिकारी हुन् भने सहनिर्मातामा शिशिर ज्ञवाली, अनिश सिग्देल, कुन्दन गुप्ता र गणेश मगर छन् । कार्यकारी निर्माता शंकर कोइराला र लाइन प्रोडचुसर कोसिसराज क्षेत्री हुन् ।

अर्जुन तिवारीको छायांकन निर्देशन रहेको चलचित्रलाई सम्पादन विकास दाहालले गरेका छन् । हिमाल केसीको एक्सन निर्देशन, अर्जुन पोखरेल, अल्मोडा राणा उप्रेती, महेश ज्ञवाली र किरण माइकलको संगीत र प्रवीण सिंह तथा रोशन विश्वकर्माको नृत्य निर्देशन रहेको छ ।

चलचित्रको वितरण काठमाडौं उपत्यकामा काफिया फिल्म्स (गोविन्द शाही) र उपत्यकाबाहिर आरआर फिल्म्स (रोहित कट्टेल, रत्न श्रेष्ठ)ले गर्ने छन् ।

ट्रेलरमा आकर्षक दृश्य, रोमाञ्चक कथा र युवा उमंग झल्काउने विभिन्न दृश्यले दर्शकमाझ प्रतीक्षा बढाएको छ । युवा पुस्ताको वर्तमान र अघिल्लो पुस्ताको विगतलाई स्मरण गराउन सफल ट्रेलरबाट 'होस्टेल ३'ले अघिल्ला सिरिजको जस्तै युवा पुस्तालाई आकर्षित गर्ने अपेक्षा गर्न सकिन्छ ।


## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/११/१०**

यस कार्यालयको मिति २०८१/१०/०९ को "Swasthaya Chowki Marmat Bhuttar Marmat (Supplying and construction of iron truss with CGI covering and cement board for room)" र मिति २०८१/१०/०८ को "Construction of ward office building talla thap, ward no. 5, Rautamai RM, Dandagau-5" सम्बन्धी ठेक्काको सिलबन्दी आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका सिलबन्दीहरु मध्ये तपसिलमा उल्लेख भएका सिलबन्दी न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम १० प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. नं. | सिलबन्दी ठेक्का नं. | कामको विवरण | छनौट भएको सिलबन्दीदाताको नाम | कबोल गरेको रकम (PS र भ्याट सहित) |
|---|---|---|---|---|
| १. | RRM/SQ/Works/11/2081-082 | Swasthaya Chowki Marmat Bhuttar Marmat (Supplying and construction of iron truss with CGI covering and cement board for room)", Rautamai RM, Bhuttar-2 | Samyak Construction, Udayapur, Gaighat–11 | रु. १२,७४,३३६.८२ |
| २. | RRM/SQ/Works/13/2081-082 | Construction of ward office building talla thap, ward no. 5, Rautamai RM, Dandagau-5 | Eegal Construction Pvt. Ltd., Triyuga-11, Udayapur | रु. १२,४६,३९२.६४ |

प्रमुख प्रशासकीय अधिकृत



## Far Western University
## Durgalaxmi Multiple Campus
Attariya, Kailali

### Letter of Intent to Award the Contract

**Date of publication: 21 February 2025(2081/11/09)**

This is to notify to all concerned bidders that, it is our intention to award the contract for the execution of Title: Construction of Boundary Wall & Two Entrance Gates to the following substantially responsive lowest evaluated bidder. Corresponding lowest Evaluated Substantially Responsive Bid is selected accordance with ITB 32.1 of bidding document and this notice is published as per PPA 2063 clause 27.2 and 27.3.

| S. N. | Name of contract | Contract ID | Name & Address of Successful Bidder | Bid Amount (with VAT & PS) |
|---|---|---|---|---|
| 1 | Construction of Boundary Wall & Two Entrance Gates of Durgalaxmi Multiple Campus | FU/DLMC/NCB/Works/01-2081/082 | Shreesha and Samayara Construction Pvt. Ltd., Godawari -01, Attariya, Kailali | 31,60,243.8 |

**Campus Chief**



## वनगाड कुपिण्डे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आसय सम्वन्धी सूचना

**मितिः २०८१/११/१०**

यस कार्यालयबाट मिति २०८१ साल असोज ६ गते प्रकाशित सूचना अनुसार पेश भएका विद्युतिय खरिद बोलपत्रको प्राविधिक तथा आर्थिक मूल्यांकन प्रश्चात तपशिल वमोजिमका प्रस्तावहरु सारभुत रुपमा प्रभावग्राही तथा न्युनतम मूल्याकिंत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | कामको विवरण | कार्यको नाम | निर्माण कम्पनी | मू.अ.क र PS वाहेकको कवोल अंक |
|---|---|---|---|---|
| १. | BAKUNAPA/NCB/WORKS-05-2081/082 | Construction of Majhakharka Botalkhuti Baukhola Chheda Durumkhola, Salleri to Chheda Road and Gobrahi Pravi Field | Gaurigoma Nirman Sewa Pvt. Ltd. Sarada Municipality-8 Salyan | १२,८१,११८।७० |

**प्रमुख प्रशासकिय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**